साना योजना सिधै प्रदेश र स्थानीय सरकारलाई... पृष्ठ ५ मा


जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily


www.ejanakpurtoday.com



वर्ष २५ • अंक ३४३ • २०८१ साल बैशाख २९ गते शनिबार (11 May, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-


## स-शर्त अनुदानमा विभेद नगर्न मन्त्री साहको चेतावनी

टुडे समाचारदाता



जनकपुरधाम । मधेश प्रदेश सरकारले स-शर्त अनुदानमा विभेद गरेको भन्दै नेकपा माओवादी केन्द्र मधेश प्रदेश संसदीय दलका नेता समेत रहेका बिना विभागिय मन्त्री भरत साहले आपत्ति जनाएका छन् ।

आर्थिक वर्ष २०८०/०८१ को स्थानीय तहलाई दिने स-शर्त अनुदान वितरणलाई लिएर गम्भीर ध्यानाकर्षण भएको उल्लेखगर्दै मन्त्री साहले आपत्ति जनाएका छन् । बिना बिभागिय मन्त्री साहले शुक्रबार विज्ञप्ति जारी गर्दै अर्थ मन्त्रालयले आन्तरिक मिलोमतोमा अनुदान वितरणमा विभेद गरेको आरोप लगाएका छन् ।

नेता साहले जारी गरेको विज्ञप्तिमा भनेका छन् 'आर्थिक वर्ष २०८०/८१ को स्थानीय तहलाई दिने स-शर्त अनुदान वितरणको विषयमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। हामीलाई प्राप्त सूचनाअनुसार आन्तरिक मिलोमतोमा कुनै स्थानीय तहलाई धेरै र कुनै स्थानीय तहलाई न्यूनतम भन्दा पनि कम दिने भएको छ।

यस्तो प्रचलन विगतमा पनि विवादित भएको सर्वविदितै छ, । तसर्थ मधेश प्रदेश सरकार अर्थ मन्त्रालयले सरकारको सत्ता साझेदार दलहरू तथा प्रतिपक्षी दलहरूसँगको सहकार्य एवं छलफल गरेर मात्र वितरण गर्न गराउनुहुन ध्यानाकर्षण सहित जानकारी गराउँदछौं, उनले भनेका छन् ।

सरकारले साहलाई वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी तोकेपनि उनले पदबहाली गेरेका छैनन् ।केहि महिनादेखि सरकारसित असन्तुष्ट रहेका माओवादी नेता साहले पार्टी कुनै बेला सत्ताबाट बाहिरिने बताउँदै आएका छन् । मन्त्री साहले सरकारलाई दिएको समर्थन फिर्ता लिने चर्चाबाट विहिवार मधेश प्रदेशको राजनीतिक तरंगित बनेको थियो ।

### गृह मन्त्रीविरुद्ध कांग्रेस आक्रामक

## दुवै सदन अवरुद्ध , छानबिन समितिका लागि अडान

टुडे समाचारदाता

काठमाण्डु । प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसले उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने मुछिएको सहकारी ठगी प्रकरणमा संसदीय छानबिन समिति गठन नभएसम्म संघीय संसदका दुवै सदन चल्न नदिने जनाएको छ ।

सहकारी ठगी प्रकरणमा गृहमन्त्री लामिछानेमाथि संसदीय छानबिन समिति गठन गर्न सरकार तयार नभएको भन्दै सदन अवरुद्ध गऱ्यो ।

कांग्रेसले रोष्ट्रम घेराउगर्दै नाराबाजी गर्न थालेपछि सभामुख देवराज घिमिरेले जेठ १ गते ६ बजे संसदको बैठक बस्नेगरि स्थगित गरे ।

सरकारले जेठ १ गते नीति तथा कार्यक्रम प्रतिनिधि सभामा प्रस्तुत गर्ने तयारी गरेको छ ।सरकारको नीति तथा कार्यक्रम राष्ट्रपति रामचन्द्र पौडेलले वाचन गर्ने छन् ।

सभामुखलाई समेत बोल्न कांग्रेसले अबरोध गरेको थियो ।कांग्रेसका महामन्त्री गगन थापाले सभामुख गैरसंसदीय अभ्यास गर्न खोजेको आरोप समेत लगाएका थिए ।

महामन्त्री थापाले कांग्रेसले विगतमा सरकारलाई सहयोग पुग्ने गरी सदन सञ्चालन गर्न दिए पनि अब संसदीय छानबिन समिति नबनेसम्म सदनका कुनै पनि कामकारबाही अगाडि बढ्न नदिने चेतावनी दिए ।

'नेपाली कांग्रेस पार्टी सदन चल्नुपर्छ भन्ने कुरामा गम्भीर छ । सरकारलाई सजिलो होस् भनेर सघाउन खोजेको पनि हो । हामीले जम्मा एउटा कुरा भनेको छौं- सहकारीको ठगीका विषयमा छानबिन गर्न संसदीय समिति बनाइयोस्,' उनले भने, 'संसदीय छानबिन समिति नबनेसम्म अब सदनको कुनै पनि



कामकारबाही अगाडि बढ्दैन । यसको जिम्मेवार हामी होइनौं । यो सदन अघि नबढ्ने अवस्थाको कारक सरकार हो ।'

सरकार आफैं निहुं खोज्न आएकाले संसदमा अप्ठ्यारो सिर्जना भएको उनले बताए । गृहमन्त्रीमाथि सहकारीको करोडौं रुपैयाँ अपचलन गरेको आरोप लाग्दा पनि कुनै अभियोजन नभएकोमा थापाले आपत्ति जनाए । 'अनुसन्धानसम्म पनि भएको छैन । प्रधानमन्त्री आफैं संसद्मा उभिएर झुट बोल्नुभएको छ । के यहाँ गृहमन्त्रीले आफैं फारम भरेर एक अर्ब रुपैयाँ ऋण लिएको प्रमाण पेस गरौं ? कुन–कुन प्रमाणहरू पेस गरौं ?,' उनको प्रश्न थियो ।

लामिछानेमाथि संसदीय छानबिन समिति गठनको माग गरेर गठबन्धन भत्काउन नचाहेको भन्दै सरकार आफैं चलाउन थापाको आग्रह थियो । 'तर छानबिन समिति बनाऔं । तपाईंहरू नै नेतृत्व गर्नुहोस् । हामी पनि सँगै बसेर हेर्छौं । सत्यतथ्य छानबिनबाट बाहिर आउँछ,' उनले भने ।

सरकार संसदीय छानबिन समिति टार्न खोजिरहेको र सहकारी ठगीमा आरोपित गृहमन्त्री लामिछानेले छानबिनबाट भाग्न सम्पूर्ण शक्ति लगाएको उनको भनाइ थियो ।

यस्तै राष्ट्रिय सभामा कांग्रेस संसदीय दलका नेता कृष्ण सिटौलाले पनि लामिछानेमाथि संसदीय छानबिन समिति गठन नभए राष्ट्रिय सभाको बैठक अवरुद्ध हुने चेतावनी दिए ।

शुक्रबार राष्ट्रिय सभाको बैठकमा गृहमन्त्रीमाथि छानबिन गर्न समिति गठन नभए सदन नचल्ने उनको चेतावनी थियो । 'महान्यायाधिवक्ताले कसैलाई क्लिनचिट दिँदै हिँड्छ, प्रहरीले क्यारेक्टरको सर्टिफिकेट दिएको जस्तो । कुनै अपराध गरेको छैन है भनेर दिए जस्तो । मिल्दैन नि, किन गरेको यस्तो ? कसको प्रभावबाट हुन्छ ? संसदीय छानबिन समिति नबनेसम्म दुवै सदनको बैठक अघि बढ्दैन,' सिटौलाले भने । पदमा रहेका व्यक्तिमाथि निष्पक्ष छानबिन हुन नसक्ने सिटौलाको भनाइ छ । संसदीय छानबिन समिति गठनको माग गर्दै यसअघि प्रतिनिधिसभा मात्र अवरोध गरेको कांग्रेसले आगामी राष्ट्रिय सभा बैठक पनि अवरोध गर्ने रणनीति बनाएको देखिन्छ ।

फागुन २१ मा नयाँ सत्ता समीकरण बनेर लामिछाने गृहमन्त्री भएपछि फागुन २४ बाटै सहकारी ठगीको मुद्दा उठाएको कांग्रेस बजेट अधिवेशनमा थप आक्रामक बनेको छ । सरकारले पेलेर जान खोजे सहकारी ठगीको विषय सडकसम्म पुग्ने महामन्त्री थापाको चेतावनी छ ।

'पेलेर जान खोजे यो विषय संसदमा मात्र सीमित हुँदैन,' थापाले भने, 'सडकमा आउँछ, त्यसअनुसार सामना गर्न सरकारले तयार हुनुपर्छ ।'

सभामुख देवराज घिमिरेले अधिवेशनको सुरुवात भएको जानकारी गराएर राष्ट्रपतिको कार्यालयबाट प्राप्त पत्रहरू पढेर सुनाउन लागेपछि कांग्रेसका सांसदहरूले उठेर विरोध गरे । त्यसपछि सभामुख घिमिरेले कांग्रेसका महामन्त्रीसमेत रहेका प्रतिनिधि सभा सदस्य गगन थापालाई बोल्न समय दिए । सभामुखले थापालाई ३ मिनेट समय दिए ।







# 'दुर्व्यसनविरुद्ध आमा' कार्यक्रम प्रभावकारी

झापा । मेचीनगर नगरपालिका-१४ की सदीक्षा थापा (नाम परिवर्तन) १५ वर्षको कलिलो उमेरमै लागुऔषध दुर्व्यसनकी अम्बली बनिन् । कक्षा नौ पढ्दै गरेकी उनी लागुऔषधकै कारण पढाई छाडेर सडकमा पुगिन् ।

कोठाबाट बाहिर ननिस्कने, कसैसँग बोल्न नरुचाउने र खानामा रुचि नदेखाउने उनलाई घरपरिवारले सुरुमा बेवास्ता गर्दा लागुऔषधको दलदलमा फस्न पुगेको जिल्ला प्रहरी कार्यालय झापाको भनाइ छ । हाल उनलाई आफन्त र स्थानीयवासीको सहयोगमा विर्तामोडस्थित सुधार केन्द्रमा राखिएको छ ।

उनी जस्तै सयौँ बालबालिकालाई लागुऔषध दुव्यर्सनबाट बचाउन जिल्लामा प्रहरीले 'दुव्यर्सनविरुद्ध आमा' कार्यक्रम सञ्चालन गरिरहेको छ । बालबालिकासँग आमाले समय बढी बिताउने र उनीहरुको बानी व्यवहारमा जानकारी राख्ने हुँदा आमालाई नै लक्षित गरेर कोसी प्रदेशका १४ जिल्लामा 'दुर्व्यसनविरुद्ध आमा' कार्यक्रम सञ्चालन गरिरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक यशोदा घलेले जानकारी दिनुभयो ।

सो कार्यक्रम झापामा प्रभावकारी बन्दै गएको भन्दै जिल्लाका १५ पालिकामध्ये १३ पालिकामा लागुऔषध नियन्त्रणका लागि पालिकास्तरीय समितिसमते गठन गरिएको उहाँले बतउनुभयो । प्रहरीले पालिकामा रहेको समितिसँग मिलेर जिल्लाका विभिन्न स्थानमा आमाहरुसँग अन्तर्क्रिया र सचेतनामूलक कार्यक्रम गरिरहेको उहाँले बताउनुभयो ।

"बालबालिकाहरु धेरै समय आमासँगै बिताउँछन् । आमाले छोराछोरीमा आएको परिवर्तन सहजै महसुस गर्ने हुँदा उहाँहरुलाई नै लक्षित गरेर कार्यक्रम गरिरहेका छौँ । प्रभावकारी भइरहेको महसुस भइरहेको छ", प्रहरी निरीक्षक घलेले भन्नुभयो । प्रहरी निरीक्षक घलेले सन्तानका गलत क्रियाकलापलाई प्रोत्साहन नगर्न, उनीहरुमा आएको परिवर्तनप्रति निगरानी बढाउन र छोराछोरीको साथीसङ्गतबारे जानकारी राख्ने काम आमाबाट भए मात्र लागुऔषध दुर्व्यसनबाट बचाउन सकिने बताउनुभयो । उहाँले सन्तानको स्वास्थ्य र भविष्यको निमित्त आमा नै बढी चिन्तित हुनेहुँदा उनीहरुको दैनिकीप्रति सचेत रहन आग्रह गर्नुभयो ।

प्रहरी निरीक्षक घलेले पछिल्लो समय बाबुआमाहरुको वैदेशिक रोजगारप्रतिको बढ्दो चाहना, गरिबी, अशिक्षा र अभिभावकमा चेतना कमीलगायत कारणले पनि लागुऔषध प्रयोगकर्ता जिल्लामा बढिरहेको बताउनुभयो । जिल्लाका विभिन्न स्थानमा अध्ययन र अनुसन्धान गर्दा शिक्षित भनिएका बालबाललिका नै लागुऔषधको कुलतमा फसेको पाइएको उहाँले जानकारी दिनुभयो ।

प्रहरी निरीक्षक घलेका अनुसार जिल्लामा कक्षा १० देखि १२ कक्षामा अध्ययन गर्ने ४१ दशमलव ९० प्रतिशत शिक्षित भनिएका बालबालिका लागुऔषधको दुर्व्यसनमा फसेको छन् । यसैगरी कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने ३४ दशमलव २० प्रतिशत, कक्षा १ देखि पाँचसम्म अध्ययनरत १५ दशमलव ९० प्रतिशत, स्नातकभन्दा माथि छ दशमलव ३० प्रतिशत र अशिक्षित एक दशमलव ७० प्रतिशत लागुऔषध दुर्व्यसनमा फसेका उहाँले जानकारी दिनुभयो ।

प्रहरी निरीक्षक घलेले चालु आर्थिक वर्षको साउनदेखि हालसम्म जिल्लामा दुई सय ९६ जना लागुऔषध कारोबारीलाई पक्राउ गरी मुद्दा चलाइएको जानकारी दिनुभयो । उहाँले स्कुल कलेजका विद्यार्थी, श्रमिक वर्गका बाहुल्यता भएको स्थान, यातायात क्षेत्रका श्रमिक भएका बस्तीका बासिन्दा, लागुऔषध सेवनकर्ता, अन्तर्राष्ट्रिय सिमानासँग जोडिएका बस्तीका बासिन्दाका साथै विभिन्न सङ्घसंस्थासँग समन्वय र सहकार्य गरी निरन्तररुपमा कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो । रासस

# शिक्षक महासङ्घको अध्यक्षमा सुवेदी

काठमाण्डु । नेपाल शिक्षक महासङ्घको दोस्रो राष्ट्रिय महाधिवेशनबाट लक्ष्मीकिशोर सुवेदीको नेतृत्वमा ७५ सदस्यीय नयाँ नेतृत्व घोषणा भएको छ । सुवेदी यसअघि महासङ्घको महासचिव हुनुहुन्थ्यो ।

यही वैशाख १० गतेदेखि सुरु भएको दोस्रो राष्ट्रिय महाधिवेशनबारे आपसी सहमति हुन नसेपछि नयाँ नेतृत्व घोषणामा विलम्ब भएको थियो । महासङ्घको एक मुख्य समूह नेपाल राष्ट्रिय शिक्षक सङ्गठनले महाधिवेशनमा भाग नलिएपछि विवाद भएको हो ।

विधानविपरीत एक पक्षीय ढङ्गले जिल्ला समितिहरू घोषणा गरिएकाले महाधिवेशन रोक्न आफूहरुले राखेको प्रस्ताव स्वीकार नगरिएको भन्दै सङ्गठनले भाग लिएको थिएन । सहमति जुट्न नसकेपछि सङ्गठनको कोटामा महासचिवलगायत ११ पद खाली राखेर महासङ्घको नेतृत्व चयन गरिएको र सङ्गठनलाई सहमतिमा ल्याउन वार्ता समिति गठन गरिएको अध्यक्ष सुवेदीले जानकारी दिनुभयो ।

महासङ्घको सदस्यता नवीकरण, विद्यालयमा नवनियुक्त शिक्षक, प्राविधिक समूहका शिक्षक सदस्यताबाट वञ्चित भएका, लोकतान्त्रिक विधिलाई निषेध गरिएको सङ्गठनका महासचिव हंशबहादुर शाहीले बताउनुभयो । रासस

# नेपालको समृद्धिका निम्ति स्वदेशमै काम गर्न अभिप्रेरित गर्ने फोटो प्रदर्शनी

काठमाण्डु , २८ वैशाखः नेपालका लागि अष्ट्रेलियाली राजदूत फेलिसीटी भोल्कले बिहीबार पाटनको महारानी चोकमा 'घर फिर्ती' शीर्षकमा आयोजित फोटो प्रदर्शनीको उद्घाटन गर्नुभयो । प्रदर्शनीले अष्ट्रेलियाबाट नेपाल फर्किएर आफ्नो समुदाय र देशको समृद्धिका लागि योगदान पुर्‍याइरहनुभएका नेपालीको कथा दर्शाउँछ ।

अष्ट्रेलियाली कलाकार तथा वृत्तचित्र फोटोग्राफर जो रयान्खनले सृजना गर्नुभएको उक्त प्रदर्शनीलाई अष्ट्रेलियाली दूतावासले आर्थिक सहयोग गरेको हो । प्रदर्शनीमा निजी र अष्ट्रेलिया सरकारको छात्रवृत्तिमा अष्ट्रेलियामा शुक्रबार्रन गरेको सीप र ज्ञान नेपाल फर्केर सिपालु उद्यमी, सामाजिक कार्यकर्ता, 'सेफ' वा 'डिजाइनर'का रूपमा स्वदेशमा नै सम्भावनाको खोजी गरेका वास्तविक कथा समेटिएका छन् ।

यहाँस्थित अष्ट्रेलियाली राजदूतावासले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार राजदूत भोल्कले प्रदर्शनीबाट विदेशमा गएर अध्ययन गर्ने र काम गर्ने सोच बनाएका अरु युवालाई नेपाललाई नै आफ्नो अन्तिम गन्तव्य बनाउन प्रेरित गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "नेपाली विद्यार्थीको उपस्थितिले अष्ट्रेलिया खुसी हुन्छ तर व्यावसायिक सीपयुक्त नेपालीहरू नेपालको दुरगामी समृद्धि र प्रगतिका लागि यहाँ आएर उपलब्ध सम्भावनाहरूको खोजी गर्न कति आवश्यक छ भन्ने कुराका बारेमा पनि जानकार छ ।"

राजदूत भोल्कले भन्नुभयो, "प्रदर्शनीमा समावेश एघार व्यक्तिहरूको प्रयास, निरन्तको लगाव र सफलताको उत्सव मनाउँछु । उनीहरुको कथाले अरुलाई पनि विश्वभरबाट सीप र अनुभव शुक्रबार्रन गर्ने र सम्बन्धहरू स्थापना गर्ने र ती सबैलाई नेपालमा ल्याएर प्रयोग गर्ने प्रेरणा मिल्छ भन्ने विश्वास व्यक्त गर्दछु ।"

जो रयान्खन हाल काठमाण्डु विश्वविद्यालयमा स्नातक तहमा क्राफ्ट एण्ड डिजाइन विषयमा अध्ययन गरिरहनुभएको छ । प्रदर्शनीका बारेमा उहाँ भन्नुहुन्छ, "घर फर्किनु प्रदर्शनीले दर्शकहरूलाई नेपाल र नेपालीको उज्ज्वल भविष्यका लागि उपलब्ध सम्भावनाहरूको बारेमा सोच्न आमन्त्रण गर्दछ । यो प्रदर्शनीको उद्देश्य हाल नेपालबाट भइरहेको युवाहरुको विदेशिने क्रमका बारेमा सोच्न र विदेशमा अध्ययन वा काम गरेर स्वदेश फर्कँदा हुने सकारात्मक प्रभावहरूलाई दर्शाउने, त्यसरी फर्कनेहरूको साहसको उत्सव मनाउने रहेको छ । प्रदर्शनीमा राखिएका कथा र अन्य यस्तै लाखौं कथाहरू नेपालभर भेटिने कथाले विदेशबाट नेपाल फर्कनु कुनै असफलता होइन र यसले आफ्नो क्षमताको खोजी गर्ने नयाँ अवसर प्रदान गर्दछ ।"

प्रदर्शनी महारानी चोकमा जेठ ३ गते सम्म र काठमाण्डु नयाँसडकस्थित भूगोलपार्कमा जेठ ४ देखि जेठ १० गते जारी रहने छ । रासस

# नेपालमा युरोपेली लगानी भित्र्याउन सङ्घले सघाउने

काठमाण्डु । नेपालमा युरोपेली लगानी भित्र्याउन युरोपेली सङ्घले सघाउने बताएको छ । नेपालका लागि सङ्घका राजदूत भेरोनिक लोरेञ्जोले युरोपेली लगानी ल्याउन आगामी साता काठमाण्डु मा 'इयू-नेपाल व्यापार मञ्च'को बैठक हुन लागेको बताउनुभयो । नेपाल र युरोपेली सङ्घबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औँ वार्षिकोत्सव तथा युरोप दिवसका अवसरमा बिहीबार यहाँ आयोजित स्वागत समारोहमा राजदूत लोरेञ्जोले नेपालको वैदेशिक लगानी अभाव परिपूति गर्ने उद्देश्यले आगामी जेठ २ र ३ गते काठमाण्डु मा मञ्चको दोस्रो बैठक आयोजना गरिने जानकारी दिनुभयो ।

बैठकमा नेपालका लगानीका सम्भावित क्षेत्रमा छलफल गर्न युरोपेली सङ्घमा आबद्ध मुलुकका कम्पनीले भाग लिने उहाँले बताउनुभयो । राजदूत लोरेञ्जोले सन् २०२६ मा नेपाल अतिकमविकसित राष्ट्रको सूचीबाट स्तरोन्नति हुनुपर्ने लक्ष्यका साथ अघि बढेकाले त्यसनिम्ति आर्थिक विकास र रोजगारीका अवसर सिर्जना गर्न आवश्यक भएको बताउँदै सङ्घमा आबद्ध सदस्य देश र विकासका लागि युरोपेली वित्तीय संस्थाबाट नेपाललाई प्रदान गरिने सहायता 'ग्लोबल गेट वे'मार्फत प्रवाह हुने जानकारी दिनुभयो ।

राजदूत लोरेञ्जेले शान्तिप्रिय नेपालीलाई रुस-युक्रेन द्वन्द्व र इजरायलमा भएको आतङ्कवादी हमलाबाट चोट पुगेको चर्चा गर्दै उहाँले बन्दी बनाइएका विपिन जोशी र उहाँको परिवारप्रति ऐक्यबद्धता व्यक्त गर्नुभयो । उहाँले विश्वव्यापी रूपमा सङ्घ शान्ति, विधिको शासन, मानवअधिकार, बहुपक्षीयता, मानवीय सहायता तथा साझेदारीलगायत साझा मूल्यमान्यता प्रवर्द्धन गर्न प्रतिबद्ध रहेको बताउनुभयो ।

राजदूत लोरेञ्जेले नेपालको विकास साझेदार सङ्घले २०७२ सालको भूकम्प होस् या कोरोना महामारी यहाँको विकास र विषम परिस्थितिमा सक्दो सहयोग गर्दै आएको बताउनुभयो ।

समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ, उपसभामुख इन्दिरा राना, सांसद, यहाँस्थित कूटनीतिक नियोगका प्रमुख तथा पदाधिकारीका साथै नेपाल सरकारका अधिकारीहरूको उपस्थिति थियो । रासस

# मौलिक उत्पादनमा अवलोकनकर्ताको आकर्षण

काठमाण्डु । राजधानीको भृकुटीमण्डपमा जारी नेपाल १७औँ अन्तर्राष्ट्रिय औद्योगिक व्यापार मेला तथा घरेलु उद्योग महोत्सवमा महका परिकार, प्राकृतिक रेशाजन्य उत्पादन, स्थानीयका खाना परिकार तथा मौलिक उत्पादनमा अवलोकनकर्ता तथा उपभोक्ताको आकर्षण देखिएको छ ।

स्वदेशी उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल घरेलु तथा साना उद्योग महासङ्घले हरेक वर्ष आयोजना गर्दै आएको औद्योगिक प्रदर्शनी यसपटक वैशाख २६ देखि राजधानीको प्रदर्शनीमार्गस्थित भृकुटीमण्डप परिसरमा जारी रहेको छ । प्रदर्शनीमा विभिन्न प्रकारका अचार, मह, अल्लो, सिस्नो, केरा, गाँजा, बाँस, केतुकी, भुँइकटहरलगायतका प्राकृतिक रेशाबाट बनेका कपडाका उत्पादन र यसका प्रकार, माहुरीसम्बन्धी जानकारी, कर्णाली तथा हिमाली क्षेत्रका मौलिक परिकार तथा अन्य उत्पादन उपभोक्ताहरुले निकै मन पराएको पाइएको छ ।

काठ/ढुङ्गा/धातु कला, सेरामिक्स, भाँडाकुँडा बाँस, वेतबास आदिबाट निर्मित सजावटका सामान, गलैंचा, राडीपाखी पशिमनाका वस्तुहरु तथा अन्य ऊनी कपडा, अल्लो, लोक्ता, जुट र अन्य परम्परागत तरिकाबाट प्रशोधित प्राकृतिक रेशाद्वारा उत्पादित वस्तुहरु, नवीनतम प्रविधिहरु, नेपाली हाते कागजका वस्तुहरु, परम्परागत हस्तकलाका सामान, अर्गानिक मह, कृषि तथा वनमा आधारित उत्पादनहरु, शिक्षा, पर्यटन लगायतका सेवा प्रदायक सङ्घसंस्था, वैकल्पिक/नवीकरणीय ऊर्जा, सूचना प्रविधिमा आधारित प्रविधि तथा उपकरण र अन्य औद्योगिक वस्तु प्रदर्शन गरिएको छ ।

यसैगरी चन्द्रागिरि नगरपालिकाद्वारा प्रवर्द्धन गरिएका उद्यमीद्वारा तयार पारिएका अचार, लाखामरी,काष्टकला, नेपाली कागज, छालाजुत्ता, प्राङ्गारिक मल, हस्तकलाका सामग्री, तेह्रथुमको ढाका, सर्‌ुवासभाको करुवा, भोजपुरको खुकुरी, जैविक स्रोतबाट बनेका श्रृङ्गारको सामग्री तथा महबाट बनेका सौन्दर्य प्रशोधनका सामग्री, जैविक तथा आयुर्वेद उपचार प्रक्रियामा उपयोग गरिने प्राकृतिक औषधीय सामग्री, मसला, छोप, हस्तकलाका उत्पादनलगायतका सामग्रीमा पनि उपभोक्ताको आकर्षण देखिएको छ ।

लघु, घरेलु, साना तथा महिला उद्यमीद्वारा उत्पादित स्वदेशी उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल घरेलु तथा साना उद्योग महासङ्घले हरेक वर्ष आयोजना गर्दै आएको औद्योगिक प्रदर्शनीको १७औँ श्रृ्ङ्खला "नेपाल १७औँ अन्तर्राष्ट्रिय औद्योगिक व्यापार मेला तथा घरेलु उद्योग महोत्सव-२०८१" आइतबारसम्म चल्नेछ ।

मुलुकभरका झण्डै छ लाखभन्दा बढी लघु, घरेलु तथा साना उद्योग र कृषि तथा मह व्यवसायमा संलग्न उद्यमीलाई प्रतिविम्बित गर्ने प्रदर्शनीको मुख्य नारा "खोजौँ नेपाली, रोजौँ नेपाली" र "नेपाली वस्तु प्रयोग गरौँ, नेपाली भएकोमा गर्व गरौँ" भन्ने रहेको छ ।

महासङ्घका अध्यक्ष उमेशप्रसाद सिंहले हाम्रा तुलनात्मक लाभका क्षेत्रमा रहेका उद्योगको उत्पादनको प्रदर्शनी र व्यापार प्रवर्द्धन गरिने यस मेलाले मुलुकका लघु, घरेलु तथा साना उद्योगका उत्पादनको वर्तमान अवस्थालाई उजागर गर्न नेपालमा सञ्चालित लघु, घरेलु तथा साना उद्योगलगायत सबै खाले उद्योगको उत्पादनलाई समावेश गरी बीटुबी, बीटुसी, बीटुजी जस्ता अन्तरक्रिया, छलफल, सांस्कृतिक कार्यक्रम र खाद्य महोत्सव आदि कार्यक्रम प्रदर्शनीका थप आकर्षणको रुपमा रहेको बताउनुभयो । रासस

# सबस्टेसन सञ्चालनमा



काठमाण्डु । चितवनको भरतपुर महानगरपालिका-६ देवनगरमा ३३/११ केभी सबस्टेसन सञ्चालनमा आएको छ । कूल २४ एमभिए क्षमताको पावर ट्रान्सफर्मर जडित विद्युत् वितरणतर्फको देवनगर सबस्टेसन निर्माण सम्पन्न गरी बिहीबार रातिदेखि चार्ज गरिएको हो ।

भरतपुर महानगरपालिका-११ स्थित १३२ केभी बसेनी सबस्टेसनबाट गएको ३३ केभी लाइनलाई गोन्द्राङमा ट्यापिङ गरी देवनगर सबस्टेसनसम्म पुऱ्याइएको छ ।

गोन्द्राङबाट देवनगर सबस्टेसनसम्म करिब साढे नौ किलोमिटर ३३ केभी प्रसारण लाइन निर्माण गरिएको छ । उक्त प्रसारण लाइन पनि चार्ज गरिएको छ । देवनगर सबस्टेसनबाट स्थानीयरुपमा विद्युत् आपूर्तिका लागि ११ केभीका चार वटा फिडर रहेका छन् ।

देवनगर सबस्टेसनबाट विद्युत् आपूर्ति दिन थालेपछि भरतपुरको दक्षिण-पश्चिम क्षेत्रमा पर्ने गौरीगञ्ज, प्रेमबस्ती, शिवनगर, फूलबारी, गीतानगर, पटिहानी, सीतामाई क्षेत्रका उपभोक्ताले बेहोर्दै आएको न्यून भोल्टेजको समस्या समाधान भई आपूर्ति पर्याप्त, भरपर्दो, गुणस्तरीय र सुरक्षित हुनेछ । उक्त क्षेत्रमा गार्हस्थ ग्राहकका अतिरिक्त ठूलो सङ्ख्यामा सिँचाइ र होटलका ग्राहक रहेका छन् । नेपाल सरकार तथा नेपाल विद्युत् प्राधिकरणको लगानी र विश्व बैंकको ग्रिड सोलार तथा ऊर्जा दक्षता आयोजना (प्योकेज-९) अन्तर्गत प्राप्त सहुलितपूर्ण ऋणमा ३३ केभी लाइन र सबस्टेसन निर्माण गरिएको हो । गोन्द्राङ-देवनगर ३३ केभी प्रसारण लाइन र सबस्टेसनको लागत रु नौ करोड ५० लाख रहेको आयोजना प्रमुख सङ्गीता कार्कीले जानकारी दिनुभयो ।

आयोजना प्रमुख कार्कीले सबस्टेसन तयार भए तापनि लाइन निर्माणमा स्थानीयको अवरोध र वातावरणीय अध्ययन तथा स्वीकृतिमा समय लाग्दा सबस्टेसन सञ्चालनमा ल्याउन केही ढिलाइ भएको उल्लेख गर्नुभयो ।

कार्कीले भन्नुभयो, "कोभिड-१९ महामारी, जग्गा अधिग्रहणमा समस्या, चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र (बफर जोन)मा पर्ने जङ्गल हुँदै प्रसारण लाइन लैजानु गर्ने र त्यसका लागि सङ्क्षिप्त वातावरणीय प्रभाव अध्ययन तथा स्वीकृतिमा समय लाग्दा, स्थानीयको अवरोधलगायतका कारणले निर्माण केही ढिलाइ भयो ।" सङ्क्षित वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरी लाइन निर्माण गत फागुदेखि निर्माण सुरु गरिएको थियो । तर, लाइन निर्माणमा केही स्थानीयबाट अवरोध सुरु भएपछि निर्माण रोकिएको थियो ।

भरतपुर महानगरपालिकाका प्रमुख रेणु दाहाल, उपप्रमुख चित्रसेन अधिकारी, प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा, सम्बन्धित वडाध्यक्षलगायत न्यून भोल्टेज विद्युत् आपूर्तिको समस्या भोगिरहेका होटल व्यवसायी, सिँचाइका उपभोक्ताहरु, आयोजना व्यवस्थापन, सुरक्षाकर्मीकोपहलमा अवरोध हटाइएको थियो । रासस

# पन्ध्र लाख मूल्य बराबरको अवैध सामान बरामद

झापा । नेपाल प्रहरीले भारतबाट अवैधरुपमा भित्रिएका लाखौँ मूल्यका मालसामान बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी कृष्णकुमार चन्दका अनुसार तीन दिनमा १४ लाख ९७ हजार चार सय मूल्य बराबरको सामान बरामद गरेको हो । बरामद गरिएका सामान प्रहरीले मेची भन्सार कार्यालय काँकडभिट्टामा बुझाएको छ । शुक्रबार बिहान ४ बजेको समयमा मेचीनगर नगरपालिका-७ सतिघट्टास्थित सीमा क्षेत्रमा भन्सार छलेर भित्रिएको रु ६५ हजार मूल्य बराबरको जुत्ताचप्पल प्रहरीले बरामद गरेको थियो ।

खुला सीमा भएकाले झिसमिसेमै अवैध व्यापारीका समूहले बोरामा बोकेर ती सामान नेपालतर्फ ल्याउँदै गर्दा प्रहरी चौकी सतिघट्टाका प्रहरी सहायक निरीक्षक छत्रलाल श्रेष्ठको टोलीले सामान बरामद गरेको हो । इलाका प्रहरी कार्यालय काँकडभिट्टाबाट प्रहरी नायब निरीक्षक रमेश श्रेष्ठको नेतृत्वमा खटिएको प्रहरी टोलीले बिहीबार मेचीनगरकै वडा नं ६ हनुमान मन्दिर छेउबाट रु एक लाख ४२ हजार चार सय मूल्य बराबरको लत्ताकपडा बरामद गरेको थियो । भन्सार छलेर भित्र्याइएका ती सामानमा महिलाको लेहेङ्गालगायतका कपडा थिए । सीमाका सशस्त्र प्रहरी बलको टोलीले समेत बिहीबार अवैधरुपमा भित्रिएका लत्ताकपडा बरामद गरेको जनाएको छ । जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी चन्दका अनुसार सशस्त्र प्रहरी बलको बोर्डर आउट पोस्ट तिरिङ्ले मेचीनगर-१ स्थित सीमा नजिकबाट रु १० लाख मूल्य बराबरका लत्ताकपडा बरामद गरेको थियो ।

सशस्त्र प्रहरी बलको काँकडभिट्टा गुल्मबाट खटिएको टोलीले मेचीनगर-७ धनकुटे बस्तीमा परालको कुन्यूमा लुकाइछिपाइ राखिएको अवस्थामा २९ कार्टुन लाइटर बरामद गरेको थियो । रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति । |
| बृष | : पारिवाहिक सुख । |
| मिथून | : धन वृद्धि सञ्चय । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : भ्रमण अवसर हुने । |
| तुला | : अवसर प्राप्त । |
| बृश्चिक | : वाद विवादबाट बच्नु । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : नयाँ कार्य हुने । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : प्रतिभा सम्पन्नता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# आगलागीबाट पाँच वर्षमा साढे नौ अर्बको क्षति

काठमाण्डु । आगलागीका कारण पछिल्लो पाँच वर्षमा साढे नौ अर्ब रुपैयाँ बराबरको क्षति भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (एनडिआरआएम)का अनुसार आगलागीका कारण बस्तीलगायतका संरचनामा क्षति पुग्दा रु नौ अर्ब ४७ करोड ४५ लाख ९३ हजार दुई सय २७ बराबरको आर्थिक क्षति भएको छ ।



विसं २०७७ सालदेखि २०८१ को बैशाख दोस्रो सातासम्मको अवधिमा आगलागिका कारण उक्त क्षति भएको प्राधिकरणको भनाइ छ । सो आगलागीबाट चार सय २२ जनाले ज्यान गुमाएका छन् भने एक हजार सात सय छ जना घाइते भएका छन् ।

विसं २०८१ मा पाँच सय ६८ ओटा आगलागीका घटनाबाट करिव रु ३१ करोड ७६ लाख बराबरको क्षति भएको छ । आगलागीका कारण १६ जानाले ज्यान गुमाइसकेका छन् भने ५२ जाना घाइते भएका छन् । यस वर्ष आगलागीबाट एक हजार ९४ घरपरिवार प्रवावित भएका छन् भने दुई सय २८ घरमा आंशिक र छ सय २८ घरमा पूर्ण क्षति भएको प्राधिकरणको तथ्याङ्क छ । साथै यस अवधिमा दुई सय ८२ गोठमा क्षति पुगेको छ भने चार सय पशु चौपायामा पनि क्षति पुगेको प्राधिकरणको भनाइ छ ।

प्राधिकरणका लागि विसं २०८० मा चार हजार ४६ आगलागीका घटनामा करिब रु दुई अर्ब ५२ करोड बराबरको आर्थिक क्षति भएको छ । यस अवधिमा एक सय ८ जनाले ज्यान गुमाएका थिए भने पाँच सय चार घाइते भएका थिए । सो अवधिमा पाँच हजार एक सय १२ घरपरिवार प्रभावित भएका थिए । साथै पाँच सय ११ घरमा आंशिक र एक हजार ८३ घर पूर्णरुपमा क्षति पुगेको थियो । आठ सय ८६ गोठमा क्षति पुगेको दुई हजार १ सय ४८ पशु चौपैया क्षति भएको पाइएको छ । यस अवधिमा भने पाँच वर्षकै धेरै आगलागीका घटना भएको तथ्याङ्क छ ।

विसं २०७९ तीन हजार २४ वटा आगलागीका घटना भएकोमा रु दुई अर्ब ५१ करोड बराबरको क्षति भएको थियो । सो अवधिमा भने एक सय नौ जनाको मृत्यु भएको थियो भने तीन सय ९२ जना घाइते भएका थिए । तीन हजार सात सय ३६ घर प्रभावित भएका थिए । साथै पाँच सय ८२ घर आंशिक र नौ सय ७६ घर पूर्ण रुपमा क्षति पुगेको थियो । यस अवधिमा सात सय १८ गोठ र दुई हजार ८६ पशुचौपयामा क्षति पुगेको प्राधिकरणको भनाइ छ ।

यसैगरी २०७८ सालमा भने दुई हजार छ सय ३१ वटा आगलागीका घटना हुँदा दुई अर्ब २६ करोड बराबरको क्षति हुँदा ९२ जनाले ज्यान गुमाएका छन् थिए भने तीन सय ७९ जना घाइते भएका थिए । यस अवधिमा आगलागीका कारण दुई हजार आठ सय ५७ घरपरिवार प्रभावित भएका थिए । साथै सात सय २५ घर आंशिक तथा सात सय ४९ घरमा पूर्णरुपमा क्षति पुगेको थियो । यस अवधिमा छ सय १३ गोठमा क्षति पुगेको र नौ सय ६८ पशु चौपयामा क्षति पुगेको थियो ।

विसं २०७७ सालमा दुई हजार छ सय ३१ वटा आगलागीका घटना भएकोमा रु एक अर्ब ८५ करोड बराबरको क्षति पुगेको थियो । साथै ९७ जनाको मृत्यु भएको थियो भने तीन सय ७९ जना घाइते भएका थिए । यस अवधिमा तीन हजार चार सय २७ परिवार प्रभावित भएका थिए साथै छ सय ९५ घरमा आंशिक र एक हजार एक सय ३८ घरमा पूर्ण रुपमा क्षति पुगेको थियो । प्राधिकरणको तथ्याङ्कअनुसार सात सय ९७ गोठमा क्षति पुगेको थियो भने एक हजार चार सय २८ पशु चौपायामा क्षति पुगेको छ ।

आगलागीजन्य विपद्बाट क्षतिग्रस्त निजी आवास मर्मत वा अस्थायी आवास अनदानको व्यवस्था गरिएको छ । आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनःनिर्माण तथा पुनःस्थापना अनुदान वितरण कार्यविधि, २०७८ मा मर्मत वा अस्थायी आवासका लाभग्राहीले सम्झौताअनुसार काम सुरु गरेको अवस्थामा रु २५ हजार र कार्य सम्पन्न गरेको प्राविधिक जाँचपास प्रतिवेदनको आधारमा रु २५ हजार गरी जम्मा रु ५० हजार पाउने उल्लेख छ ।

आगलागीजन्य विपद्बाट क्षतिग्रस्त निजी आवास पुनःनिर्माण वा पुनःस्थापनाका लाभग्राहीले निजी आवास पनुःनिर्माण वा पुनःस्थापनाका लागि क्षतिको यथार्थ प्राविधिक मूल्याङ्कनका आधारमा हिमाली जिल्लामा बढीमा रु पाँच लाख, पहाडी जिल्लामा बढीमा रु चार लाख र तराईका जिल्लामा बढीमा रु तीन लाख गरी तीन किस्तामा पाउने कार्यविधि छ ।

सम्झौता हुनासाथ पहिलो किस्ताबापत रु ५० हजार, 'प्लिन्थ लेभल'सम्म आवास निर्माण सम्पन्न गरिसकेपछि अनसूची-६ बमोजिम निर्माण सम्पन्न गरेको प्राविधिकजाँच प्रतिवेदनको आधारमा दोस्रो किस्ताबापत हिमाली जिल्लामा रु दुई लाख ५० हजार, पहाडी जिल्लामा रु दुई लाख र तराईका जिल्लामा रु एक लाख ५० हजार अनुदान पाउने कार्यविधिमा उल्लेख गरिएको छ ।

तर सरकारी निकाय वा संस्थाबाट अनुदान प्राप्त गर्ने गलत मनसायले जानाजानी वा लापर्बाहीपूर्वक घर आगलागी गरेमा वा वन डढेलो वा आगलागीजन्य अन्य कार्य गरेको पाइएमा कुनै पनि अनदान रकम उपलब्ध नहुने समेत कार्यविधि उल्लेख छ । कार्यविधि अनुसार जानाजानी वा लापर्बाहीपूर्ण कार्य गर्नेलाई प्रचलित कानून बमोजिम कडाकारबाही गरिनेछ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण कार्यकारी प्रमुख अनिल पोखरेलले हरेक वर्ष बढ्दो आगलागी तथा वन डढेलो न्यूनीकरण तथा व्यवस्थापनका लागि संरचनागत सुधार, उपकरण हस्तान्तरण, सूचना प्रणालीको विकास, प्रभावकारी संचार, तहगत प्रशिक्षण सहितका पहल गरिरहेको जानकारी दिनुभएको छ । "आगलागी नियन्त्रणका लागि हामीसँग भएका अग्नि नियन्त्रणका उपकरणहरु पर्याप्त हुन नसक्दा प्रभावकारी रुपमा नियन्त्रणका गतिविधि सञ्चालन गर्न सकिरहेका छैनौँ," उहाँले भन्नुभयो, "पर्याप्त बजेट अभावका कारण ति उपकरणहरु खरिद हुन सकेको छैन ।"

आगलागी र डढेलोको जोखिम कम गर्ने आगलागी नियन्त्रणमा प्रयोग हुने सामग्री जिल्ला तथा स्थानीय तहलाई वितरण, सबै खालका सञ्चारमाध्यममार्फत सचेतनामूलक सामग्रीको प्रकाशन तथा प्रशारण, सरोकारवाला निकायसँग विपद् संवाद, तालिम संचालन तथा स्व-अध्ययन सामग्रीको उपलब्धता, आवास गुमाएका नागरिकको उद्धार तथा तुलनात्मक रुपमा सुरक्षित आवास निर्माण गर्न अनुदान वितरण लगायतका कार्यहरु गरेको पोखरेलले जानकारी दिनुभयो ।

प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईका अनुसार पनि बस्तीका आगलागीमध्ये विद्युत् 'सर्ट' हुनु, वन डढेलो बस्तीमा सर्नु, सतर्कता अपनाउन नसक्नुले गर्दा बस्तीमा आगलागी हुने गर्छ । "फुस तथा घरका छाना, काठका घरहरु छन् भने घाना पकाउने क्रममा पनि आगलागी भएका घटना छन् । चाडपर्वमा बत्ती बालेर छोड्दा पनि आगलागीका घटना बढेको पाइएको छ", उहाँले भन्नुभयो ।

आगलागी नियन्त्रणका लागि दमकल र फयरपम्प पर्याप्त नहुँदा समस्या भएको उहाँको भनाइ छ । "दमकल एक सय ५८ वटा चालु अवस्थामा छन् भने २२ वटा बिग्रिएको अवस्थामा छन् र एक सय १४ ओटा फायरपम्प स्थानीय तहमा वितरण भएका छन्", उहाँले भन्नुभयो, "यी उपकरणहरु पर्याप्त छैनन् ।"

आगलागी नियन्त्रणका दक्ष जनशक्ति नहुँदा पनि समस्या भइरहेको भन्दै भट्टराईले स्थानीय तहलाई पनि आगलागी नियन्त्रणसम्बन्धी तालिम आवश्यकता रहेकामा जोड दिनुभएको छ । प्राधिरकणका अनुसार यस वर्ष पनि वर्षा कम भएको र आगलागी तथा वन डढेलाका घटनाहरुको जोखिम अधिक भएकोले पनि यसतर्फ प्राधिकरणले विशेष ध्यान दिएको छ । इसिमोड र वन तथा भू-संरक्षण विभागको साझेदारीमा डढेलो पहिचान तथा अनुगमन प्रणालीको प्रयोग गरी प्रत्येक दिन देशभर लागेको डढेलोको अनुगमन गर्ने व्यवस्था गरिएको छ । आगलागी र वन डढेलोको जोखिमको अवस्थाको जानकारी प्राप्त गरी सोहीअनुसार न्यूनीकरण तथा नियन्त्रणका कार्य सञ्चालन गर्न आगलागी तथा वन डढेलोसम्बन्धी 'लाइभ' जानकारी समेत दिँदै आइइएको छ । रासस

# हामी सीतायण सर्किट तिर किन न लाग्ने !



राम भरोस कापडि 'भ्रमर'

भारत सरकारले राम गमन स्थानहरुको पहिचान गरी रामयाण सर्किटको रुपमा विकास गर्न केहि वर्ष यता शुभारम्भ गरेको छ । यस सम्बन्धी एउटा उच्चस्तरीय समिति पनि भारतको पर्यटन मंत्रालयले बनाएको छ । डा. राम अवतार शर्माको अध्यक्षतामा बनाएको उक्त समितिको प्रयासमा भारतका ९ राज्यमा १५ स्थललाई श्री रामको पद चिन्ह भएको चिन्हित गरी त्यसको विकासको लागि प्रयास गर्दै आएको छ । यधपि डा. शर्माले ११ राज्यको ८० जिल्लामा २९० पद चिन्ह को चर्चा आफ्नो शोध ग्रन्थमा गर्नु भएको छ ।

योजना अनुसार उक्त चिन्हित स्थानहरुको अतिरिक्त सुविधा सम्पन्न बनाउने, सडक, रेल र हवाई यात्रा संग जोड्ने ।

जहां हवाई अड्डा छैन त्यहां बनाउने । पर्यटकहरुलाई हरेक प्रकारका सुविधाहरु उपलब्ध गराई अध्यात्मिक सुख र शांतिको वातावरण बनाउने लक्ष्य राखिएको छ ।

मई १० शुक्रबार २०१८ ई. मा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी जब जनकपुरधाम आएका थिए, उनले खुल्ला हृदयले रामायण सर्किट परियोजनामा नेपाललाई जोड्ने घोषणा मात्रै हैन, जनकपुरधाम-अयोध्या बस संचालनको शुभारंभ गरेर यसको औपचारिकता पनि प्रदान गरेका थिए । त्यतीकै हैन जनकपुरधामको अध्यात्मिक विकासको लागि १ अरब रकम अनुदान दिने घोषणा पनि गरेका थिए । यधपि त्यो रकमको 'सहुपयोग' कहां भै रहेको छ । यकीन गर्न सकिएको छैन ।

अब यहां एउटा प्रश्न जन्मलिन्छ- रामायण सर्किटमा श्री रामको पदचाप परेका ठाउँहरुको चिन्हित गरिएको छ । त्यो पनि एक जना साधक अनुसन्धाता डा. राम अवतार शर्मा ज्यूको प्रयास बाट । हामी पनि किन न 'सीतायण सर्किट' को प्रारंभ गर्ने । नेपाली कांग्रेसका प्रबुद्ध नेता माननीय विमलेन्द्र निधिले एक भेंटमा यस्तै प्रशन गरी मलाई झस्काई दिनु भएको थियो। 'सीतायण सर्किट' किन हुंदैन !

सांच्चिकै नेपाली भूमिमा हाम्रा अराध्य देव श्री रामका साथ आफ्नै भूमिकी माता सीताको पदचिन्ह लाई बटुलेर सार्वजनिक गर्ने हिम्मत वा प्रयास किन कसैले गर्न सकेका छैनन् ।

यसको लागि पनि एउटा राजनेताकै चिन्तन अगाडी आउनु किन पर्‍यो ? हुनत विगत केहि समय यता जनकपुरधाम र अयोध्याको सम्बन्ध विस्तारको कार्यमा उहांको अग्रसरता सरहिनीय रहंदै आएको छ । अब यो 'सीतायण सर्किट' प्रति हाम्रो ध्यान जानै पर्दछ ।

**के गर्ने ?**

जे गरे पनि शून्य बाट प्रारंभ गर्नु पर्दछ । यसको लागि भारतीय अनुसन्धाता डा. शर्मा जति कुशल, मिहनती र विषयगत अनुसन्धाता हुनु पर्दछ अथवा त्यस्तै विज्ञहरुको टोलीका माध्यम बाट वाल्मिकी र तुलसीदासको रामायणलाई आधार बनाएर मंदिरजने बाटोको खोजी गर्नु पर्दछ । यो खोजीको काम पांचभागमा गर्न सकिन्छ ।

**पहिलो** – माता सीताको जन्म भए पछि विवाह पूर्व उनले दरबार बाहिर जाने गर्नु भएका ठाउँहरुको पहिचान गर्नु पर्दछ । यस्ता त दुई प्रसंग देखिएका छन् । सखीहरु संग क्रिडा गर्न, फूल टिप्न देखि गिरिजा मंदिर जाने जस्ता प्रसंगहरु छन् ।

दोश्रो- विहे भएपछि श्री राम संग अयोध्या जाने वाटो यधपि यसमा भुईमा हिड्ने पद चिन्हको संभावना कम हुन सक्तछन् ।

तेश्रो - श्री राम संग बनगमन काल देखि लंका सम्मको यात्रालाई लिन सकिन्छ । भारतीय विद्वान अनुसन्धाताले सीताजीको श्री राम संगै बनगमन गएको भए पनि मात्र श्री रामको पद चिन्ह खोज्नु भयो, स्वभाविक छ । उहां संग माता सीताको उपस्थिति थियो र उहांको पद चिन्ह पनि फेला पार्नु पर्दछ ।

चौथो - बनमा रावणबाट अपहरित भए पछि उनी लंका लगीइन त्यहां अशोक वाटिकामा राखिएकी थिइन । तर त्यस बीचमा उनी रावणको दवावमा उनको महल तिर पनि गएको उल्लेख वाल्मिकी रामायणमा छ । हाम्रा विज्ञ समूहले लंकामारावणको महल तिरका संभावित क्षेत्रमा पनि सीतामैयाको पद चिन्ह खोज्ने प्रयास गर्नु पर्दछ ।

पाचौं - लंका बाट अयोध्या फर्कदा श्री राम द्वारा लोक वचनको आधारमा जब माता सीतालाई बनमा पठाइयो, तब उनी गएको बन र बाल्मिकी आश्रममा बस्दा खेरीका पद चिन्हहरु खोज्नु पर्दछ ।

वास्तवमा यो प्रारंभ विन्दू हो । म रामायण वा वाल्मिकी रामायण बारे विज्ञ होइन । एउटा साधारण जिज्ञाशाकै हैसियतमा मैले यो धारणा राखेको छु । यसको लागि वृहत् विमर्शको आवश्यकता छ ।



रामायणका ज्ञाताहरु, माता सीताको जीवन चरित्र लाई राम्ररी अध्ययन गर्ने अनुसन्धाता, प्रवचनकर्ताहरु र नेपालको धरतीमा जगतजननी जानकीको अवतरण देखि दोहरो वन गमन र पाताल प्रवेस सम्मका सम्वेदनशील घटना/प्रतिघटनाका अध्यात्मिक साक्षीहरु बाट बड़ो लगनले यो काममा अगाडी आउनु पर्दछ । मैले अगाडी नै भने त्यसको लागि वृहत विमर्शको जरुरी छ । के यो विमर्शको आयोजन जनकपुरधाम उप-महानगरपालिकाले गर्लान, साधु सन्तले गर्लान्, जानकी मंदिरले गर्लान, पर्देश सरकार वा केन्द्र सरकारले गर्लान् ।



भारतमा त केन्द्रिय पर्यटन विभागले रामायण सर्किटको जिम्मा लिएको छ । नेपालमा नि !

यो अभियान श्रमसाध्य, कष्ट साध्य र अर्थ साध्य पनि हो । त्यसैले यसलाई सामूहिक सहयोगको आवश्यकता छ ।

काम अगाडि बढाउँदै सर्किटकै अगाडी कडीको रुपमा यसको विकास गर्ने भारतीय प्रधानमन्त्रीको वाचा नै हो भनेउताबाट पनि कमसेकम भारतीय क्षेत्रका अनुसन्धान प्रकरणमा हरेक किसिमको सहयोग प्राप्त गर्न सक्ने संभावना त छंदैछ ।मात्र पहल र उपयुक्त पात्रको खोजी प्रमुख हो ।

मेरो जिज्ञाशाको यही प्रश्न छ - हामी सीतायण सर्किट तिर किन न लाग्ने ? (लेखक : मधेश प्रज्ञा - प्रतिष्ठान, मधेश प्रदेश, जनकपुरधामका अध्यक्ष हुन्)

## सहकारी प्रकरणबारे संसदीय छानबिन समिति बनाउनुपर्ने लोसपाको माग

**टुडे समाचारदाता**

काठमाण्डु । लोकतान्त्रिक समाजवादी पार्टी नेपालले सहकारीको रकम अपचलनबारे सत्यतथ्य पत्ता लगाउन संसदीय छानबिन समिति गठनको माग गर्ने निर्णय गरेको जनाएको छ ।

लोसपा नेपालको बसेको संसदीय दलको बैठकले सहकारीको अर्बौ रकम हिनामिनामा हुँदा लाखौं बचतकर्ता प्रत्यक्ष प्रभावित भएकाले अविलम्ब समिति गठन हुनुपर्ने माग गरेको लोसपाका प्रमुख सचेतक रामप्रकाश चौधरीले जानकारी दिए ।

बैठकले तराई मधेसका विभिन्न स्थानमा आगलागी भएको र पीडितलाई राहत उपलब्ध गराउन संघीय सरकारसमक्ष माग गर्ने समेत निर्णय गरेको उनले बताए । यसकासाथै जलवायु परिवर्तन र चुरे विनाशका कारण तराई मधेशमा खानेपानीको समस्या दिनानुदिन विकराल हुँदै गएकोमा संघीय सरकारद्वारा तत्कालीन र दीर्घकालीन उपाय अवलम्बन गरेर जनतालाई राहत प्रदान हुनुपर्ने निर्णय बैठकबाट गरिएको उनले बताए ।

# ऐन कानुनको अभावमा मन्त्रालय संचालन समस्या

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी गोविन्द न्यौपानेले ऐन कानुनको अभावमा मन्त्रालयको प्रशासनिक गतिविधि संचालनमा समस्या भइरहेको बताएका छन् ।




जनकपुरधाममा शुक्रबार पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्ले आयोजना गरेको अभिमुखीकरण गोष्ठीमा बोल्दै मन्त्री न्यौपाने ऐन कानुन नहुँदा चाहेर पनि कतिपय काम गर्न नसकेको बताए । मन्त्री न्यौपानेले भने 'मेरो यस्तो मन्त्रालय जुन ६ वर्षसम्म राम भरोसे नै चल्यो, यो अवधिमा न ठोस कानुन बन्न सक्यो न ऐन नै ।' यद्यपि अब ऐन कानूनहरु बन्ने प्रकृयामा छन्, आउने दिन काम गर्न सहज हुने उनको कथन छ ।

उनले जनताले सेवा पाउने गरी ठोस काम गर्नका लागि तीनै तहको सरकार बिच समन्वय गरेर एकीकृत योजना ल्याउनु आवश्यक रहेको समेत बताए ।

मन्त्री न्यौपानेले मानव जीवन स्वस्थ रुपमा बाँच्नका लागि पशु स्वास्थ्यको खयाल गनुपर्नेमा जोड दिए । पशुहरुको स्वास्थ्यका कारण मानव स्वास्थ्य समेत प्रभावित हुँदै आइरहेकाले यस तर्फ ध्यान तीनै तहको सरकारले पुर्‍याउनु पर्ने उनले बताए ।

सो गोष्ठीमा पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्का अध्यक्ष देवेन्द्रप्रसाद यादव, उपाध्यक्ष जनकबहादुर रावल लगायतका उपस्थिति रहेको थियो ।

# मधेशी स्वास्थ्यकर्मीको महाधिवेशन आजदेखि

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालको भ्रातृ संगठन मधेशी स्वास्थ्यकर्मी फोरम नेपालको चौंथो राष्ट्रिय महाधिवेशनको सम्पूर्ण तयारी पूरा भएको महासचिव कृषण लाल यादवले जनाएका छन् ।

जनकपुरधाममा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा फोरमका महासचिवसमेत रहेका महाधिवेशन प्रचारप्रसार संयोजक यादवले सो महाधिवेशनको उद्घाटन उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवको प्रमुख आतिथ्यतामा हुने बताए ।

महेन्द्रनारायण निधि मिथिला सांस्कृतिक केन्द्रमा शनिबारदेखि सुरु हुने महाधिवेशन दुई दिनसम्म चल्नेछ । सो महाधिवेशनमा सात वटै प्रदेशका प्रतिनिधि पर्यवेक्षक र खुल्ला सत्रमा करिब ७५० जना सहभागी हुने उनले बताए ।

महाधिवेशनको बन्द सत्रमा भने ३८० प्रतिनिधि र १०० जना पर्यवेक्षक सहभागी हुने समेत संयोजक यादवले बताए ।


**श्री त्रिभुवन आदर्श माध्यमिक विद्यालय**
**जनकपुरधाम उ.म.न.पा.-२० विन्धी**
**(धनुषा)**

**सूचना! सूचना!! सूचना !!!**

यस जिल्ला प्रशासन कार्यालय धनुषाको प.सं. २०८०/०८१ (प्रशा.) च.नं. १३२३५ मिति २०८१/०१/२३ गते र जनकपुरधाम उ.म.न.पा. को कार्यपालिकाको कार्यालय जनकपुरधामको मिति २०८१/०१/२३ को प्राप्त पत्रानुसार यस विद्यलयको नाममा दर्ता कायम रहेका जनकपुरधाम उ.म.न.पा.-२३ अन्तर्गतका कित्ता नं. हरुका जग्गाहरुमा घर, टहरा वा अतिक्रमण गर्नेहरुले सात (७) दिन भित्र घर, टहरा वा अतिक्रमण छाड्न सम्बन्धित सबैलाई सुचित गरिन्छ ।
यो सूचनालाई अटेर गरेर जग्गा खाली नगरेमा नियमानुसारको कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**प्रधानाध्यापक**

# साना योजना सिधै प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरणः प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विगतमा सङ्घीय सरकारले कार्यान्वयन गर्दै आएका साना योजना सिधै प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गरेर सङ्घीयतालाई थप सबल तुल्याइने बताउनुभएको छ ।

दार्मा गाउँपालिकाको नवनिर्मित प्रशासकीय भवन उद्घाटन समारोहमा प्रधानमन्त्री दाहालले यस वर्षदेखि बजेटसम्बन्धी नीति र कार्यतालिका परिमार्जन गरेर सङ्घीयता सबल बनाउन लागिएको बताउनुभयो । "योजनामा देखिएको दोहोरोपना अन्त्य गर्ने, रु तीन करोडभन्दा साना योजना सिधै प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गर्ने निर्णय गरिएको छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "यी प्रयासहरूले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई थप सुदृढ गर्नेछन् ।"

आफूले तेस्रोपटक सरकारको नेतृत्व गरेपश्चात सबैभन्दा बढी ध्यान सङ्घीयता कार्यान्वयनमा लगाइरहेको उल्लेख गर्दै प्रधानमन्त्रीले यस अवधिमा राष्ट्रिय समन्वय परिषद्का दुई बैठकहरू सम्पन्न भई महत्त्वपूर्ण निर्णयहरू भएको बताउनुभयो ।

स्थानीय तहले सङ्घीयताको असल अभ्यास गर्न सकेमा प्राकृतिक साधनस्रोतको संरक्षण र बहुआयमिक परिचालन, ग्रामीण अर्थतन्त्रको सशक्तिकरण, सामाजिक सूचकमा बढोत्तरी लगायतका रणनीतिक महत्त्वका कामहरूको साथै सेवाप्रवाहका क्षेत्रमा महत्त्वपूर्ण काम गर्न सकिने बताउँदै प्रधानमन्त्री दाहालले प्रदेश र स्थानीय तहको साझा अधिकार सूचिसमेतको सही अभ्यास हुँदा स्थानीय तहले ग्रामीण अर्थतन्त्रको सवलीकरणसहित राष्ट्रिय अर्थतन्त्र निर्माणमा गुणात्मक योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सरकार भन्ने बित्तिकै नागरिकको मन मस्तिष्कमा स्थानीय जनप्रतिनिधि र कर्मचारीहरू नै अग्रपङ्क्तिमा आउने उल्लेख गर्दै उहाँले स्थानीय जनप्रतिनिधि, कर्मचारी र सुरक्षा अङ्गको सोच्ने तरिकाले नै त्यहाँका सेवाप्रवाह थाहा हुने बताउनुभयो ।

"सेवाप्रवाह कति चुस्त र जनउत्तरदायी छ भन्ने कुराले सरकारको छवि आम नागरिकमा स्थापित हुन्छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "यसर्थ, राज्यप्रति नागरिकको आत्मीयता र अपनत्वबोधका निम्तिसमेत स्थानीय सरकार र जनप्रतिनिधिहरूले कामगर्नुपर्दछ।"

दामाको मुकाम फारूला छोएर रोल्पाबाट सल्यान, रूकुम पश्चिमको चौरजहारी, जाजरकोट हुँदै जुम्ला जिल्लाबाट रारा जोड्ने सडकको कालोपत्रेका लागि सरकारको तर्फबाट आवश्यक पहल लिइने बताउँदै प्रधानमन्त्रीले दुध सहकारीमार्फत दार्मालाई दुध पकेट क्षेत्र घोषणा गरी विशेष कार्यक्रम अगाडि बढाउन सङ्घीय सरकारको तर्फबाट सहयोग हुने विश्वास दिलाउनुभयो ।

जाजरकोट भूकम्पका लाभग्राहीहरूको आवास निर्माण, विद्युतीकरण, कृषि र पशुपालनको आधुनिकीकरण र व्यवसायीकरण, आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूति, समानीकरण अनुदानलगायतका कुरामा सङ्घीय सरकारको गम्भीर ध्यान जाने प्रधानमन्त्री प्रचण्डले उल्लेख गर्नुभयो ।

सत्य निरूपण तथा मेलमिलापसम्बन्धी ऐन जारी हुनेबित्तिकै रोल्पा, रूकुम, सल्यान, जाजरकोटलगायतका जिल्लामा जनसत्ताले रजिस्ट्रेसन गरेका घरजग्गाको समस्या दीर्घकालीन रूपमा समाधान गर्न सहज हुने उल्लेख गर्दै प्रधानमन्त्रीले सहिदहरुको सम्मान, द्वन्द्वपीडित परिवारमा राहत, सन्ततिहरूको शिक्षादीक्षा र अभिभावकत्वलगायतका विषयहरूको उचित सम्बोधन हुने बताउनुभयो ।

उहाँले नेपालको परिवर्तनकारी आन्दोलनमा गुणात्मक योगदान पुर्‍याउँदै आएको सल्यान जिल्ला र दार्मा गाउँपालिकाले परिवर्तनकारी नीति र नेतृत्वका पक्षमा जाहेर गरेको ऐक्यवद्धताप्रति आभार व्यक्त गर्नुभयो ।

# निजी क्षेत्रको बिना समृद्धि हुन सक्दैन

नवलपरासी। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राज्य र निजी क्षेत्रको सहकार्यबिना देशको आर्थिक समृद्धि हुन नसक्ने जिकिर गर्नुभएको छ।

लक्ष्मी गुप्रअन्तर्गतको लक्ष्मी मोटर अपरेशनले पश्चिम नवलपरासीको रामग्राममा हुन्डाई कम्पनीका गाडीको जडान(एसेम्बेलिङ) उद्योगको शुक्रबार शुभारम्भ गर्नुहुँदै प्रधानमन्त्री दाहालले निजी क्षेत्रको सहकार्य अनिवार्य रहेको बताउनुभएको हो। पछिल्लो समय देशमा आर्थिक क्षेत्रको आधारभूत सूचक परिस्कृत हुँदै गएको जिकिर गर्नुहुँदै प्रधानमन्त्री दाहालले नेपालमा बाह्य लगानी मैत्री वातावरण सिर्जना गर्न सकारात्मकरुपमा काम गरिरहेको जानकारी दिनुभयो।

सरकार आर्थिक वर्ष ०८१/८२ को नीति तथा कार्यक्रम र बजेट तयार गरिरहेकाले उक्त बजेटमा उत्पादन, उत्पादकत्व र रोजगारीजन्य गतिविधिलाई मुख्य प्राथमिकता दिइने प्रधानमन्त्री दाहालले बताउनुभयो।

देशमा औद्योगिक वातावरण सिर्जना गर्ने सरकारको मुख्य लक्ष्य रहेको दाबी गनुहुँदै उहाँले देश विकासमा नयाँ गति सिर्जना गर्न देशको आर्थिक समृद्धि मुख्य विषय रहेको स्पष्ट पार्नुभयो।

# लगानी सहजीकरण र सुरक्षित गर्न सरकार प्रतिबद्ध छ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' उद्योगी-व्यवसायीलगायत लगानीकर्ताको मनोबल उच्च राख्दै देशको आर्थिक रूपान्तरणमा गति दिन सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।



लक्ष्मी मोटर कर्पोरेसनको 'हुन्डाई मोटर एसेम्बलिङ प्लान्ट'को शुक्रबार नवलपरासीमा शुभारम्भ गर्दै प्रधानमन्त्री दाहालले आर्थिक विकास गरेर देशलाई समृद्धिको यात्रामा आगाडि बढाइने बताउनुभयो । निजी क्षेत्रलाई विश्वासमा लिएर अर्थतन्त्र सुदृढीकरण गरिने बताउँदै प्रधानमन्त्रीले लगानी सहजीकरण गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

प्रधानमन्त्रीको निजी सचिवालयका अनुसार, "निजी क्षेत्रको लगानी एवं राज्य र निजी क्षेत्रको सहकार्यबिना देशको अर्थतन्त्र सवल हुन सक्दैन, उत्पादकत्व वृद्धि हुन सक्दैन, रोजगारीका अवसरहरू सिर्जना हुन सक्दैनन्", प्रधानमन्त्री दाहालले भन्नुभयो, "देशभित्र लगानीको वातावरण निर्माण गर्न, निजी क्षेत्रलाई प्रवर्द्धन गर्न, लगानीका क्षेत्रहरूको सुरक्षा र सहजीकरणका निम्ति सरकार हरदम साथमा छ।"

यो नयाँ उद्योग सञ्चालनमा आएपछि नेपालमा औद्योगिक वातावरणका निम्ति स्वदेशी एवं विदेशी लगानीकर्ताहरूलाई थप आकर्षित गर्ने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री दाहालले औद्योगिकीकरणसँगै आयात प्रतिस्थापन हुने र सयौँ दक्ष एवं अर्धदक्ष कामदारहरूका निम्ति रोजगारी प्राप्त गर्ने बताउनुभयो।

नेपालमा नै एसेम्बलिङ गर्दा उपभोक्ताले सहुलियत मूल्यमा सवारीसाधन खरिद गर्न पाउनुका साथै आन्तरिक स्रोत एवं विद्युत् को खपत, स्थानीय विकासमा साझेदारी र कुल ग्राहस्थ उत्पादनमा समेत सकारात्मक योगदान पुग्ने प्रधानमन्त्रीले भन्नुभयो । "हाम्रा वित्तीय र मौद्रिक नीतिहरू नियन्त्रणमुखी होइन, प्रवर्द्धनमुखी हुनुपर्दछ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "ती नीति-नियमहरूले उत्पादन र रोजगारी प्रवर्द्धनमा योगदान गर्न सक्नुपर्दछ।" उहाँले सरकारको निरन्तर प्रयासका कारण अर्थतन्त्रका आन्तरिक र बाह्य सूचकहरू सकारात्मक बन्दै गएको उल्लेख गर्नुभयो।

"भर्खरैमात्र तेस्रो लगानी सम्मेलन सम्पन्न भएको छ । लगानीको पूर्वसन्ध्यामा अध्यादेश नै ल्याएर सरकारले महत्त्वपूर्ण ऐनहरू संशोधन गरेको छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "यसले लगानीका क्षेत्रहरूमा देखिएका समस्या सम्बोधन गर्दै आन्तरिक एवं बाह्य लगानीलाई प्रोत्साहित र प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ।"

प्रधानमन्त्रीले लगानी सम्मेलनमा देखिएको उत्साह, नेपालका राजनीतिक दलहरूमा देखिएको साझा दृष्टिकोण र प्रतिबद्धता एवं लगानीकर्ताहरूको आकर्षणले नेपाल छिट्टै आकर्षक लगानीको गन्तव्य मुलुक बन्ने सङ्केत गरेको बताउनुभयो । रासस

# समृद्धिको ढोका खोल्न सरकार क्रियाशीलः सञ्चारमन्त्री शर्मा



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सूचना प्रविधि (आइटी) क्षेत्रलाई नीतिगत र संरचनागतरुपमा बलियो बनाएर समृद्धिको ढोका खोल्न सरकार क्रियाशील रहेको बताउनुभएको छ।

अन्तर्राष्ट्रिय सूचना तथा सञ्चार प्रविधिमा महिला दिवसका अवसरमा शुक्रबार मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणले संयुक्तरुपमा आयोजना गरेको कार्यक्रममा उहाँले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा सूचना प्रविधिलाई उच्च प्राथमिकता दिइने बताउनुभयो।

"आगामी आवको बजेटको मुख्य विषय (मेन थेम) कृषिलाई बनाउनुपर्छ, सूचना प्रविधि ' फ्रन्ट लाइन'मा राखेर बजेट निर्माण गर्नुपर्छ", बजेटका प्राथमिकताबारे प्रकाश पार्दै मन्त्री शर्माले भन्नुभयो, "आइटीलाई समृद्धिको आधार मानिएको छ, त्यहीअनुसार व्यवहार गरिएको छ आगामी बजेटमा आइटीलाई उच्च प्राथमिकता दिइनेछ।"

सरकारले सूचना प्रविधिलाई आर्थिक समृद्धिको प्रमुख आधारका रुपमा लिएको उल्लेख गर्दै मन्त्री शर्माले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा सूचना प्रविधि क्षेत्रलाई उच्च प्राथमिकता दिइने बताउनुभयो । "हामीले यसअघि कृषि, पर्यटन र ऊर्जालाई समृद्धिको प्रमुख आधार मान्दै आएका थियौँ", मन्त्री शर्माले भन्नुभयो, "अब सूचना प्रविधि पनि समृद्धिको आधारका रुपमा अघि आएको छ।"

वर्तमान सरकारले सुशासन, सामाजिक न्याय र समृद्धिको नारा अघि सारेको जानकारी दिँदै मन्त्री शर्माले सुशासनको अभियानलाई अघि बढाउन पनि सूचना प्रविधिको विकास अत्यावश्यक भएको बताउनुभो । "सूचना प्रविधिको प्रयोगबाट मात्रै सुशासन कायम गर्न सकिन्छ", उहाँले भन्नुभयो।

सूचना प्रविधि क्षेत्रमा महिलाको अनिवार्य सहभागिता मात्रै नभई नेतृत्वदायी भूमिका हुनुपर्छ भनेर आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि नीति तथा कार्यक्रम र बजेटमा विशेष योजना अघि सारेको बताउनभुयो।

सूचना प्रविधिको विकासमा सरकारले नीतिगत तथा संरचनागत व्यवस्था गरेको जनाउँदै उहाँले सूचना प्रविधि क्षेत्रबाट रोजगारी सिर्जनाका साथै सेवा निर्यात गरेर विदेशी मुद्रा पनि शुक्रबार्रन भएको बताउनुभयो। "प्रत्येक वर्ष १० हजार युवा जनशक्ति सूचना प्रविधि क्षेत्रमा उत्पादन हुने गरेको छ, अनौपचारिक तथ्याङ्कअनुसार सूचना प्रविधिसम्बन्धी सेवा निर्यातबाट वार्षिक करिब रु ६६ अर्ब विदेशी मुद्रा भित्रिएको छ", मन्त्री शर्माले भन्नुभयो।

सूचना प्रविधिका क्षेत्रमा आइपर्ने चुनौती समाधान गर्न सरकारले हालै मात्र साइबर सुरक्षा केन्द्र स्थापना गरेको जानकारी दिँदै यससम्बन्धी केही कानुन निर्माण भइ कार्यान्वयनमा आएको र केही तर्जुमाका क्रममा रहेको बताउनुभयो। मन्त्री शर्माले भन्नुभयो, "सूचना प्रविधिको विकासका निम्ति नीतिगत र संरचनागत व्यवस्थामा सरकारको ध्यान गएको छ, यसबीचमा केही ऐन कानुन र पूर्वाधार निर्माण भएका छन्।"

पूर्वमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का नेत्री रामकुमारी झाँक्रीले महिलालाई सूचना प्रविधिको पहुँचमा पुर्‍याउन नेपाल दूरसञ्चार प्राधिकरणले गरेको प्रयास सरहानीय रहेको बताउनुभयो । सांसद ज्ञानु बस्नेतले सूचना प्रविधिका क्षेत्रमा महिलाको नेतृत्वको खडेरी रहेको उल्लेख गर्दै यस क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिताका लागि विशेष योजना ल्याइनुपर्ने बताउनुभयो । सांसद नारायणी शर्माले प्रविधिको विकाससँगै महिला सशक्तीकरण आवश्यक भएको बताउनुभयो । सरकारी तथा निजी क्षेत्रका सूचना प्रविधिसँग सम्बन्धित संस्थामा महिलाले नेतृत्वदायी भूमिका निर्वाह गर्नु खुसीको विषय भएको बताउनुभयो। सांसद राजेन्द्रलक्ष्मी गैरेले छोरा र छोरीलाई समान शिक्षाको आवाज उठाउने अवस्थाबाट महिलाहरु सूचना प्रविधि क्षेत्रका महिला नेतृत्व अघि आउनु विश्वका लागि उदाहरण भएको बताउनुभयो।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले सूचना प्रविधि क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिता बढाउन मन्त्रालयले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो । नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष भूपेन्द्र भण्डारीले सूचना प्रविधि क्षेत्रमा महिला सशक्तीकरण र नेतृत्वयादी भूमिका सिर्जना गर्न प्राधिकरणले काम गरिरहेको बताउनुभयो।

विश्वसमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा महिला सहभागिता वृद्धि गर्न विश्वव्यापी पहलका रुपमा अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घको आह्वानमा सून २०११ देखि प्रत्येक वर्षको अप्रिल महिनाको चौथो बिहीबार अन्तर्राष्ट्रिय सूचना तथा सञ्चार प्रविधिमा महिला दिवस मनाउन थालिएको हो । सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा महिलालाई जागरुक बनाउन विभिन्न कार्यक्रमका साथ अभियानको रुपमा सञ्चालन गर्न हरेक वर्ष अन्तर्राष्ट्रिय दूरसञ्चार संघले सबै सदस्य राष्ट्रहरुलाई आह्वान गर्दै आएको छ।

नेपालमा सन् २०१३ देखि नेपाल दूरसञ्चार प्राधिकरणले यस दिवसलाई विभिन्न रचनात्मक र कार्यक्रम साथ मनाई विभिन्न संघसंस्थालाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा महिलालाई उत्प्रेरित गर्न आह्वान गर्दै आएको छ । अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घले 'नेतृत्व' भन्ने मूल नाराका साथ दिवसका कार्यक्रम सञ्चालन गर्न आह्वान गरेको छ । यसवर्ष 'प्रविधिमा महिला नेतृत्व : सबल भविष्यको मातृत्व' राष्ट्रिय नारा तय गरिएको छ। रासस

# आगामी बजेटले अग्रगतिको अनुभूति दिनुपर्छ : सांसद भुसाल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी ) का सांसद डा वेदुराम भुसालले आगामी आर्थिक वर्षको बजेटले मुलुकलाई अग्रगतिको अनुभुति दिन सक्नुपर्नेमा जोड दिनुभएको छ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा दलीय आधारमा बोल्दै सांसद भुसालले आगामी आवका बजेट निर्माणमा समाजको अवस्थालाई सुधारउन्मुख बनाउनुपर्ने धारणा राख्नुभयो । उहाँले संसदमा अध्यादेशमार्फत कानुन संशोधन गरी पूर्व बजेट छलफलको प्रक्रियालाई अगाडि सारेर परिवर्तन गरे पनि सोहीअनुसार काम हुने स्थिति हुन सकेको भन्दै असन्तुष्टि समेत व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, "यस अधिवेशनमा नेपाली समाजको वर्तमान अवस्थालाई गुणात्मक रुपमा परिवर्तन गर्न दिशानिर्देश गर्ने खाल्को नीति तथा कार्यक्रम आउनुपर्छ। ती नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने खालको बजेट बिनियोजन आवश्यक छ।"

उहाँले संविधानले व्यवस्था गरेको मौलिक हकको कार्यान्वयन र उपभोगका लागि राजनीतिक नेतृत्वबाट धेरै काम हुन नसकेको गुनासो व्यक्त गर्नुभयो । "हामीले सहिदहरुको सपना पूरा गर्न कति काम गर्‍यौ ?", सांसद भुसालले भन्नुभयो, "राजनीतिक व्यवस्था परिवर्तनका निम्ति लडेका, ती सहिदहरुसँगसँगै लडेका हामी कोही सरकारमा छौं, कोही प्रतिपक्षमा छौ । पछिल्लो २० वर्षमा संविधान त बनायौ तर यसमा भएका व्यवस्थाको कार्यान्वयनका लागि हामीले कति काम गर्‍यौ ?"

उहाँले संविधानले समाजवादतर्फ उन्मुख बनाउन निर्देशित गरेअनुसार काम हुन नसकेको धारणा राख्नुभयो। राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक परिवर्तन एवं रुपान्तरण क्षेत्रमा काम गर्न नसकेका कारणले उठेका प्रश्नहरुले सिंगो व्यवस्थाप्रति प्रश्न उठेको उहाँको भनाइ थियो।

सांसद भुसालले भन्नुभयो, "यस अवधिसँग तुलना गर्ने हो भने सन्तुष्ट हुने हो कि हैन भन्ने प्रश्न पनि गर्न चाहन्छु। सत्तापक्षमा हुँदा गरेका छौं भन्छौं र प्रतिपक्षमा जाँदा किन भएन भनेर प्रश्न गर्छौं। यसका लागि हामी सबै जिम्मेवार छौं।"

# नीतिगत सुधार जरुरी : सचिव पाण्डेय

काठमाण्डु। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव डा गणेशप्रसाद पाण्डेले नेपाल पर्यटन बोर्डलाई चलायमान बनाउन नीतिगत सुधार जरुरी रहेको बताउनुभएको छ। बोर्डका अध्यक्षसमेत रहनुभएका सचिव पाण्डेयले बोर्डलाई चलायमान बनाउन आवश्यक नीतिगत निर्णय गर्न आफू सधै सकारात्मक रहेको जानकारी दिनुभयो । बोर्डले शुक्रबार आयोजना गरेको स्वागत कार्यक्रममा बोल्दै सचिव पाण्डेयले पर्यटन प्रवर्द्धनका लागि प्रभावकारी बजेटको तयारीमा लाग्न पनि बोर्डलाई निर्देशन दिनुभयो।

पर्यटन बोर्ड सार्वजनिक निजी साझेदारीको उत्कृष्ट नमूना भएको उल्लेख गर्दै उहाँले बोर्ड गठन गर्दाको उद्देश्य अनुरुप काम गर्न सके नेपालको पर्यटन प्रवर्द्धन गर्न सकिने धारणा राख्नुभयो । बोर्डका बोर्डका कार्यकारी सदस्य ऋषि भण्डारीले पर्यटन चलायमान बनाउन आवश्यक नीतिगत सहजिकरण तथा सरोकारवालाबीच सहकार्य आवश्यक भएको उल्लेख गर्नुभयो । उहाँले बोर्डलाई चलायमान बनाउन सचिवले पहल गर्नुपर्ने र त्यसमा निजी क्षेत्रकोतर्फबाट सधैसाथ सहयोग रहने बताउनुभयो।

बोर्डका निमित्त कार्यकारी प्रमुख नन्दिनी लाहे थापाले बोर्डलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न आवश्यक नीतिगत सुधारको लागि मन्त्रालयबाट सहजीकरण हुने विश्वास व्यक्त गर्नुभयो।

सो अवसरमा बोर्डका वरिष्ठ निर्देशक हिक्मत सिंह ऐरले पर्यटन बोर्डको समग्र गतिविधिबारे प्रस्तुतिकरण दिनुभएको थियो । रासस

# एक अर्ब २० करोड अनुदान सहायता स्वीकार गरिने

काठमाण्डु । सरकारले विश्व वातावरण सुविधाबाट विश्व वन्यजन्तु कोषमार्फत प्राप्त हुने अमेरिकी डलर ९०,२४,३१२ (करिब रु एक अर्ब २० करोड) बराबरको अनुदान सहायता स्वीकार गर्ने भएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहीबार बसेको मन्त्रिपरिषद्ले गरेका निर्णय सार्वजनिक गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सञ्चारमन्त्री रेखा शर्माले इजरायल घटनामा परी निधन भएका ६ नेपालीको शव त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सम्बन्धित ठेगानासम्म पुर्‍याउँदा लागेको कूल खर्च रु २८ लाख ३६ हजार आठ सय ३४ सम्बन्धित पक्षलाई भुक्तानी गर्ने निर्णय भएको जानकारी दिनुभयो।

यही वैशाख २९ देखि जेठ ४ गतेसम्म बङ्गलादेशमा आयोजना हुने सिकाइ आदान-प्रदान कार्यक्रममा सहभागिताका लागि राष्ट्रिय योजना आयोगका सदस्य प्राडा शिवराज अधिकारीलाई स्वीकृति दिने र दुरुपयोग अनुसन्धान आयोगका आयुक्त डा सुमित्रा श्रेष्ठ अमात्यलाई मलेसियामा आयोजना हुने तालिम कार्यक्रमको अनुगमन गर्न तथा उक्त कार्यक्रमको समापन समारोहमा भाग लिन आगामी जेठ १४ देखि १८ गतेसम्म मलेसिया भ्रमण गर्न स्वीकृति दिने पनि सरकारले निर्णय गरेको छ।

मन्त्रिपरिषद्ले इन्डोनेसियाको बालीमा आयोजना हुने दसौँ वर्ल्ड वाटर फोरमअन्तर्गत यही जेठ ७ देखि ८ गतेसम्म आयोजना हुने मन्त्रिस्तरीय बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतलाई सहभागी हुन स्वीकृति दिनेसमेत निर्णय गरेको सरकारका प्रवक्ता शर्माले जानकारी दिनुभयो।

"कोहलपपुर-सुर्खेत-दैलेख एक सय ३२ केभी प्रसारण लाइन आयोजनाको टावर निर्माण गर्न सुर्खेत जिल्ला र दैलेख जिल्लामा करिब ५० रोपनी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने र प्रहरी अतिरिक्त महानिरीक्षकहरु टेकप्रसाद राईलाई प्रशासन विभागमा सुदीप गिरीलाई राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा सरुवा गर्ने निर्णय भएको छ", प्रवक्ता शर्माले भन्नुभयो।

त्यसैगरी, मन्त्रिपरिषद्ले प्रहरी नायब महानिरीक्षकहरु उमेशराज जोशी र भीमप्रसाद ढकाललाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा नियुक्त गरी पदस्थापन गर्ने निर्णय गरेको छ। ट्रामाडोल ( र टपेन्टडोल औषधिहरुका एकल वा सम्मिश्रण औषधिहरुलाई लागू औषध नियन्त्रण) ऐन, २०३३ को दफा ३ को खण्ड (क) को उपखण्ड ७ बमोजिम मनोदीपक औषधीको सूचीमा समावेश गर्ने सरकारको निर्णय छ। रासस

# बाध्य पारिए इजराइल एक्लै भए पनि खडा हुनेछ : प्रधानमन्त्री नेतान्याहु



**एएनआई**

इजराइल । गाजामा युद्ध रोक्ने अन्तर्राष्ट्रिय दबाबलाई अस्वीकार गर्दै प्रधानमन्त्री बेन्यामिन नेतान्याहूले 'बाध्य' पारिए इजराइल हमासविरुद्धको युद्धमा 'एक्लै खडा' हुने घोषणा गर्नुभएको छ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले दक्षिणी गाजा सहर रफाहमा इजराइलले लामो समयदेखि गरेको आक्रमणका लागि अमेरिकाले आक्रामक हतियार उपलब्ध नगर्ने बताएपछि नेतान्याहुले यस्तो टिप्पणी गर्नुभएको हो।

"एक मात्र यहुदी राज्य इजराइलको प्रधानमन्त्रीका रूपमा म आज यहाँ जेरुसेलमबाट यहुदी नरसंहार स्मरण दिवसमा प्रतिज्ञा गर्दछु, यदि इजराइल एक्लै खडा हुन बाध्य भयो भने इजराइल एक्लै खडा हुनेछ", नेतान्याहूले भन्नुभयो, "तर हामीलाई थाहा छ कि हामी एक्लो छैनौँ, संसारभरका सभ्य मानिसहरूले न्यायपूर्ण उद्देश्यलाई समर्थन गर्छन्, हामी हाम्रा नरसंहारक दुश्मनहरूलाई हराउने छौँ।"

उहाँले ८० वर्षअघि यहुदीहरू रक्षाविहीन हुँदा कुनै पनि राष्ट्र उनीहरूको सहायताका लागि नआएको बताउनुभयो। "आजभन्दा ८० वर्षअघि यहुदी नरसंहारमा हाम्रो विनाश खोज्नेहरूविरुद्ध यहुदी जनता पूर्णरूपमा रक्षाविहीन हुँदा कुनै पनि राष्ट्र हाम्रो सहयोगमा आएनन्", मुलुकको वार्षिक यहुदी नरसंहार स्मृति दिवसलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "आज हामी पुनः हाम्रो विनाशमा आएका दुश्मनहरूको सामना गरिरहेका छौँ, म विश्वका नेतालाई भन्छु कुनै पनि दबाब र कुनै पनि अन्तर्राष्ट्रिय मञ्चको कुनै पनि निर्णयले इजराइललाई आफ्नो रक्षा गर्न रोक्न सक्तैन।"

नेतान्याहुले एक्लै खडा हुनुपरे एक्लै खडा हुने प्रतिबद्धता व्यक्त गर्दै आवश्यक भएमा आफ्नै बलबुताले लड्ने बतउनुभयो।

योम हासोह त्यस्तो दिन हो जुन दिन इजराइलले नाजी जर्मनी र यसका सहयोगीहरूद्वारा यहुदी नरसंहारमा मारिएका ६० लाख यहुदीको स्मृतिका रूपमा मनाउँछ।

अक्टोबर ७ मा हमासले गरेको आक्रमणपछि गाजामा द्वन्द्वको बीजारोपण भएको थियो। हमासको आक्रमणमा करिब दुई हजार पाँच सय लडाकूले गाजा पट्टीबाट इजराइलको सीमा पार गरेर सर्वसाधारणको हत्या गरेका थिए भने केहीलाई बन्धकसमेत बनाएका थिए।

त्यसयता नै इजराइलले गाजा आक्रमणलाई नागरिक हताहत कम गर्ने प्रयास गर्दै हमास समूहलाई उन्मूलन गर्ने लक्ष्यका साथ हमासको पूर्वाधारलाई लक्षित गरेको बताएको छ।

मे ५ मा हमासले रफाह सीमा क्रसिङ क्षेत्रबाट र विस्थापित प्यालेस्टिनीहरूले तम्बुमा शरण लिइरहेका क्षेत्र नजिकैबाट रकेट प्रहार गरेको थियो। हमासको आक्रमणले केरेम शालोम सीमा क्रसिङलाई लक्षित गरी चार सैनिकको ज्यान लियो। सबै गाजा सीमा क्रसिङमध्ये केरेम शालोम सबैभन्दा धेरै मानवीय सहायता ट्रकहरू ह्यान्डल गर्न सुसज्जित भए पनि आक्रमण भएदेखि क्रसिङ बन्द गरिएको छ।

सीमा पार गर्ने हमासको नियन्त्रणले यसलाई इजिप्टबाट मानवीय सहायता वितरण अपहरण गर्न अनुमति दिएको छ।

पछिल्लो समय रफाह छिमेकका बासिन्दाहरूले खान युनुस र अल-मवासीको तटीय क्षेत्रमा विस्तारित मानवीय क्षेत्रहरूमा खाली गर्न निर्देशन दिइएका फोन, एसएमएस सन्देश, एयर-ड्रप फ्लायरहरू र मिडिया प्रसारणहरू प्राप्त गरेका छन्।

गाजा-इजिप्ट सीमामा फिलाडेल्फी कोरिडोर भनेर चिनिने भूमिको शिविरमा रहेका विस्थापित प्यालेस्टिनीहरूलाई पनि खाली गर्न सन्देशहरू आएका थिए। सन् २००६ मा इजराइलले गाजाबाट अलग्गिएपछि हतियार तस्करी रोक्नका लागि यसलाई बफर जोनका रूपमा बनाएको थियो। तर सन् २००७ मा हमासले प्यालेस्टिनी अधीनस्थ क्षेत्रबाट हिंसात्मकरूपमा गाजाको नियन्त्रण खोस्यो।

# केजरीवाल जमानतमा रिहा

**एएफपी**


नयाँदिल्ली । भारतको सर्वोच्च अदालतले शुक्रबार कारागारमा रहेका प्रधानमन्त्री नरेन्द्र मोदीका प्रतिद्वन्द्वीलाई जमानतमा रिहा गर्न आदेश दिएको छ। यसबाट उहाँलाई विद्यमान राष्ट्रिय निर्वाचनमा प्रचार गर्न अनुमति प्राप्त भएको छ।

राजधानी दिल्लीका मुख्यमन्त्री तथा निर्वाचनमा मेदीको सामना गर्नका लागि गठित विपक्षी गठबन्धनका नेता अरविन्द केजरीवाललाई लामो समयदेखि चलिरहेको भ्रष्टाचारकोअनुसन्धानकोसिलसिलामा मार्चमा हिरासतमा लिइएको थियो।

आपराधिक अनुसन्धानको नीतिलाई अर्को वर्ष फिर्ता लिइयो तर लाइसेन्सको कथित भ्रष्ट विनियोजनमा नतिजाको अनुसन्धानले केजरीवालका दुई शीर्ष सहयोगीहरूलाई कारागार पुर्यायो।

बारम्बार गलत कामलाई अस्वीकार गर्दै आउनुभएका केजरीवालको समर्थनमा उहाँको गिरफ्तारीपछि भारतभरका अन्य धेरै ठूला सहरमा जुलुस निकालिएको थियो।

करिब एक दशकसम्म मुख्यमन्त्री रहनुभएका ५५ वर्षीय केजरीवाल पहिलोपटक कट्टर भ्रष्टाचारविरोधी योद्धाका रूपमा कार्यालय आउनुभएको थियो। उहाँले अनुसन्धानको हिस्साका रूपमा सोधपुछका लागि भारतको वित्तीय अपराध एजेन्सी प्रवर्तन निर्देशनालयको बोलावट आदेशको विरोध गर्नुभएको थियो।



दायरामा आउने समूहका धेरै नेतामध्ये उहाँ एक हुनुहुन्छ। उहाँका एक सहकर्मीले निर्वाचनभन्दा एक महिनाअघि उहाँको गिरफ्तारीलाई सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) द्वारा रचित 'राजनीतिक षड्यन्त्र' का रूपमा वर्णन गर्नुभएको छ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय सञ्जीव खन्ना र दीपाङ्कर दत्ताले केजरीवाल छ साताको निर्वाचनमा मतदानको अन्तिम दिन जुन १ सम्म हिरासतबाट बाहिर रहन सक्नुहुने बताउनुभएको छ।

सन् २०२१ मा मदिराको बिक्रीलाई उदार बनाउने र यस क्षेत्रमा आकर्षक सरकारी हिस्सेदारी छाड्ने नीति लागु गर्दा केजरीवालको सरकारमाथि भ्रष्टाचारको आरोप लगाइएको थियो। उक्त

मोदीका राजनीतिक विरोधीहरू र अन्तर्राष्ट्रिय अधिकार समूहहरूले लामो समयदेखि भारतको सङ्कुचित लोकतान्त्रिक स्थानप्रति चिन्ता व्यक्त गर्दै आएका छन्।

विपक्षी कांग्रेस पार्टीका सबैभन्दा प्रमुख सदस्य तथा दशकौंसम्म भारतीय राजनीतिमा वर्चश्व कायम गर्ने वंशका राहुल गान्धीलाई गत वर्ष मोदीको पार्टीका एक सदस्यको उजुरीपछि आपराधिक मानहानिमा दोषी ठहराइएको थियो। उक्त फैसलालाई उच्च अदालतले निलम्बन नगरेसम्म उहाँको दुई वर्षको कारागार सजायले उहाँलाई केही समयका लागि संसद्बाट अयोग्य घोषित गरेको थियो।

# चुनौतीबीच संस्कृतिको संरक्षण



काठमाण्डु । 'कुस्ती'को जन्म छ, तर व्यवस्थापन छैन, पहलवान जोगेन्द्र यादव भन्नुहुन्छ, "परम्परागत रूपमा जरा गाडेको यो खेलले आफ्नो एतिहासिक तथा सांस्कृतिक महत्वलाई खतरामा पार्ने चुनौतीसँग जुधिरहेको छ।"

सम्मरीमाई-४ रुपन्देहीका पहलवान रामचन्द्र यादवले दशकअघिका अखडा देखिन छोडेकोबताउनुहुन्छ।उहाँभन्नुहुन्छ, "शुक्रबारका युवामा खेलको सौख छ, तर सरोकारवालासँग संरक्षणको चाहना छैन।" पहलवान घनश्याम मिश्रले कुस्तीको जीवन्त विगत सम्झिँदै सार्वजनिक चासोमा आएको ह्रासप्रति दुःख व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "कुस्तीको सारअनुसार संस्कृतिको ह्रास रोकिनुपर्छ।" मिश्रका अनुसार यसले स्वास्थ्य, शक्ति र स्फुर्तिलाई बढावा दिन्छ, आत्म नियन्त्रण र व्यक्तित्व विकासमा लाभ पुर्याउँछ।

कुस्ती एक अनुशासनको खेल हो। यो मानिस-मानिसबिचमा लडाइँको कला हो। कुस्ती प्रतियोगिता गोलाकार खाडलमा हुन्छन्, प्रायः माटोले भरिएको हुन्छ, जसलाई 'अखाडा' भनिन्छ। "अखाडाले खेलाडीका लागि प्राकृतिक सतह मात्र प्रदान गर्दैन यसले माटो र खेलको सम्बन्धलाई प्रतीकात्मक महत्व राख्छ", पहलवान राम किसुन यादवले भन्नुभयो, "यसले आध्यात्मिक र दार्शनिक आयामसँग शारीरिक पराक्रमको मिश्रण गर्दछ।"

कुस्ती खेलाडीलाई पहलवान र यसका प्रशिक्षकलाई 'उस्ताद' भनिन्छ। उस्तादले आफ्ना प्रशिक्षार्थी पहलवानलाई निर्देश गर्दछन्। यो प्रतियोगितामा समानस्तरका खेलाडीबीच निष्पक्ष प्रतिस्पर्धा सुनिश्चित गर्दै, पहलवानलाई विभिन्न तौल वर्गमा वर्गीकृत गरिन्छ। अखाडामा देखिने यो अभ्यासले खेलकुदमा नयाँ रणनीति, निष्पक्षताको तत्व थप्नुका साथै अनुशासन र आचारसंहिताको पालनालाई समेट्छ।

"क ु स त ी ल े खेलाडीमा शारीरिक र मानसिक सहनशीलताको माग गर्दछ। असाधारण सहनशक्ति भएका व्यक्तिलाई आकार दिन्छ। शारीरिक बलको खेती गर्छ। यसको सहभागीको समग्र फिटनेसमा योगदान पुर्याउँछ", मायादेवी गाउँपालिका रुपन्देहीका पहलवान नजाबुद्दीन मुसलमान भन्नुहुन्छ, "आफ्नै समृद्ध इतिहास र विविध रूपहरू भएको कुस्ती, खेलको कला, शारीरिक र मानसिक विकास खोज्ने व्यक्तिका लागि प्रेरणाको स्रोत हो।"

दक्षिण एसियाली राष्ट्रमा कुस्तीको अभ्यास बढी छ। यो खेल प्रायः नेपाल, भारत, श्रीलङ्का, बङ्गलादेश, भुटान, पाकिस्तान, अफगानिस्तानलगायतका राष्ट्रहरूमा बढी खेलिन्छ। कुस्तीले ती क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्छ जहाँ युद्ध र वीरताको महत्व बढी हुन्छ। प्राचीन सभ्यतादेखि खेलिँदै लोकप्रियता प्राप्त गरेको यसको महत्वबारे पुराण, महाभारत र रामायणलगायतका धार्मिक तथा, साहित्यिक ग्रन्थमा पनि उल्लेख छ।

अनादिकालमा मानव विकाससँगै कुस्ती खेलको विकास भएको अन्तर्राष्ट्रिय ख्याति प्राप्त पहलवान केशव दासको बुझाइ छ। यो खेल देशको प्रतिष्ठासँग जोडिएको र मानिसको स्वास्थ्यसँग गाँसिएको विषय भएको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "युद्ध र वीरताको प्रयाय नेपालमा परम्परागत र सांस्कृतिक रूपमा मूल्यवान कुस्ती यहाँको गौरवपूर्ण साझा संस्कृति, आपसी सद्भाव, रणनीतिक सङ्घर्ष र राष्ट्रिय एकताको प्रतीक हो।"

नवलपरासी घर भएका केशव दासले शारीरिक स्वास्थ्य, आत्माको निपुणता, र सामाजिक तथा सांस्कृतिक मूल्यमा योगदानको लागि कुस्तीको वकालत गर्नुहुन्छ। यसको व्यवस्थापन र जनचेतनाको भूमिकामा जोड दिँदै निर्णायक भूमिका खेल्नका लागि सरकारलाई उहाँको आग्रह छ। उहाँले कालाजङ्ग, धोबी पछाड़, मच्छीगोता, सांडीतोड, निकाल, टांगी, बगलडुव र गदालेट दांवलाई कुस्तीको प्रमुख कला बताउनुहुन्छ।

कुस्तीलाई दयानन्द सरस्वती, स्वामी विवेकानन्द, र अन्य योगीले शारीरिक स्वास्थ्य,

> दक्षिण एसियाली राष्ट्रमा कुस्तीको अभ्यास बढी छ। यो खेल प्रायः नेपाल, भारत, श्रीलङ्का, बङ्गलादेश, भुटान, पाकिस्तान, अफगानिस्तान लगायतका राष्ट्रहरूमा बढी खेलिन्छ।

आत्माको प्रभुत्व, र सामाजिक तथा सांस्कृतिक मूल्यको एक हिस्सा भनेर व्याख्या गर्नुभएको छ। कुस्तीको शाब्दिक विवरण पुरातात्विक तथा पौराणिक शास्त्र, खासगरी ग्रिक तथा संस्कृत महाकाव्यबाट सुरु हुन्छ। रामायणमा रावण-सुग्रीव, महाभारतमा भीमसेन-जरासन्ध तथा विभिन्न वलशाली पहलवानबीचको मुठभेडको वर्णन गरिएको छ।

कोटहीमाई-३, रुपन्देही घर भई लुम्बिनी प्रदेश 'मुख्यमन्त्री स्वयम्सेवक कार्यक्रम'का कुस्ती प्रशिक्षक राजेन्द्र यादवले परम्परागत खेलको पुनःरुत्थानका लागि साझा प्रयासको आवश्यकतामा जोड दिनुभयो। 'सिद्धार्थ भीम पुरस्कार २०५७'का विजेता, यादवले नेपालमा कुस्तीको प्रतीक मानिने सांस्कृतिक र राष्ट्रिय एकताको संरक्षणको महत्वलाई जोड दिनुहुँदै हाल १२ जना खेलाडीलाई आफ्नै गाउँ पर्सियामा प्रशिक्षण दिइरहनुभएको छ।

पहलवान तथा प्रशिक्षक यादव भन्नुहुन्छ, "मानवको शक्ति प्रदर्शन गर्ने कुस्तीको खेल एक युगमा सुरु भएको हो, जब मानिसलाई हतियारको प्रयोगबारे थाहा थिएन। त्यस समयमा, यस प्रकारको युद्धमा क्रुर बल हावी थियो।" उहाँका अनुसार, पशुलगायतका अन्य शक्तिलाई जित्न त्यस समयमा मानिसले विभिन्न प्रकारका युक्तिहरू प्रयोग गर्न सिकेको हुनुपर्छ र त्यसैबाट 'कुस्ती' वा 'मल्लयुद्ध' खेलको विकास भएको हो।

बहरल्ली, भितरल्ली, तुतवा, इरानी, मुल्तानी, भालुकस, बांगुडु, चपरास, अन्टी, सखी, रामवाण, एकहरीपट, दोहरीपट, सन् दुई हजार, खेमे, भरन्दाज, रुम, गुड, महाउती, साल्तो, बैगसाल्तो गुठ्ठी, दाउँपेचबारे बताउनुहुँदै प्रशिक्षक यादवले छिडकी, तेजाब छिडकी, अकलकाटे पहाण र जुडो पहाण दाँव नेपालमा प्रचलित रहेको जानकारी दिनुभयो। यादवले नेपालमा कम्तीमा एक जिल्ला एक सुविधा सम्पन्न प्रशिक्षण केन्द्र हुनुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "नेपालमा कुस्तीका लागि सरकारले खासै पहल गरेको नदेखिए पनि युवामा कुस्तीप्रतिको रुचि बढाउन धेरै पटक कुस्ती प्रतियोगिता आयोजना गरिएको छ। यसका लागि प्रशिक्षण केन्द्रहरू पनि छन्, जसले खेलाडीलाई विशेषज्ञता र प्रविधिमा तालिम दिने काम गरिन्छ।" यादवका अनुसार विसं २०२८ पुस १४ देखि २०५७ सम्म बर्षेनि सिद्धार्थनगर नगरपालिकाले 'सिद्धार्थ भीम पुरस्कार'को आयोजना गर्ने गर्दथ्यो।

तत्कालीन राजा वीरेन्द्रको जन्म दिवस पुस १४ गतेको अवसरमा आयोजना हुने राष्ट्रियस्तरको कुस्तीप्रतियोगितामा नेपाल र भारतलगायत देशका खेलाडीको सहभागिता हुने गर्दथ्यो। पुरस्कारका लागि पहलवानले लगातार तीन वर्ष दङ्गलमा प्रथम स्थान ल्याउनैपर्ने नियम थियो। पहलवान राजेन्द्र यादवले २०५५, २०५६ र २०५७ मा लगातार प्रथम स्थान ल्याइ 'सिद्धार्थ भीम पुरस्कार २०५७' प्राप्त गर्नुभएको थियो।

राजेन्द्रले पुरस्कार पाउनु पहिले उहाँका उस्ताद प्रहलाद यादव २०५२, ०५३ र ०५४ मा लगातार विजयी हुनुभएको थियो। २०४९, ०५० र ०५१ मा नवलपरासीका पहलवान रामकिसुन यादवले प्रतियोगिता जित्नुभएको थियो। विसं २०५८ जेठ १९ गते दरबार हत्याकाण्डपछि रुपन्देहीमा सरकारीस्तरबाट कुस्ती प्रतियोगिता नभएको सिद्धार्थनगर नगरपालिकाका सूचना अधिकारी देव ज्ञवालीले बताउनुभयो।

हुन त तराई-मधेसका विभिन्न स्थानमा कुस्ती प्रतियोगिता अझै प्रचलनमा छन्। नहान मेलाको अवसरमा रुपन्देहीको सतियामाइ स्थान र जोगियाबारी मेलामा कुस्ती दङ्गलको आयोजना हुने गरेको देखिन्छ। प्रतियोगिता स्थानीयस्तरको भए पनि नेपाल र भारतका खेलाडीलाई सहभागी गराइन्छ। तर पारिश्रमिक, पुरस्कार र खानपानको व्यवस्थापनमा कमजोर हुँदा युवामा यो खेलप्रतिको रुचि घटेको देखिन्छ।

"शारीरिक स्फुर्तिका कारण पहिला कुस्तीरपहलवानकोसामाजिकप्रतिष्ठा धेरै थियो, जसले निजी सुरक्षाकर्मी आवश्यक पर्दा पहलवानलाई उपयुक्त मानिन्थ्यो", लुम्बिनी प्रदेशका पूर्वशिक्षा तथा खेलकुद विकासमन्त्री वसीउद्दीन खाँले भन्नुभयो, "समयसँगै यो खेल र पहलवानको सङ्ख्या घट्यो। मेलाको बेला आयोजकले दिने पुरस्कारकोसीमित रकम र दर्शकबाट प्राप्त हुने बक्सिसबाहेक आम्दानीको स्रोत छैन।"

लुम्बिनी प्रदेशका सामाजिक विकासमन्त्री चन्द्रकेश गुप्ताका अनुसार, पारम्परिक खेलहरू मनोरञ्जनका माध्यम मात्र नभई सामुदायिक संवादको मञ्च पनि थिए। यी खेलभित्र हाम्रो समाजको सांस्कृतिक समभाव पनि भएकाले कुस्ती ब्युँताउनु जरुरी छ। उहाँले भन्नुभयो, "कुस्तीप्रति युवाको आकर्षण बढाउन प्रदेश सरकारले काम गर्न लगेको छ। राष्ट्रिय वा अन्तर्राष्ट्रिय प्रतियोगिताका निम्ति खेलाडी उत्पादन हुनसक्छ भन्ने विश्वास छ।" रासस

# गर्मीले ६१ को मृत्यु

**एएफपी**

बैङ्कक। थाइल्यान्डमा यस वर्षको अहिलेसम्म अत्यधिक गर्मीले ६१ जनाको ज्यान लिएको छ। यो २०२३ को तुलनामा धेरै तातो भएको उल्लेख गर्दै स्वास्थ्य मन्त्रालयले सम्पूर्ण क्षेत्रमा यो सातासम्म अत्यधिक गर्मी भएको बताएको छ।

हालैका साताहरूमा थाइल्यान्डमा असाधारण तातो मौसमको लहरले अधिकारीहरूले लगभग दैनिक आधारमा यसबारेमा चेतावनी जारी गर्नुपर्यो।

स्वास्थ्य मन्त्रालयले शुक्रबार सन् २०२४ को सुरुदेखि गर्मीका कारण ६१ जनाको मृत्यु भएको बताएको छ। सन् २०२३ मा ३७ जनाको मृत्यु भएको थियो। थाइल्यान्डको उत्तरपूर्वी कृषिप्रधान क्षेत्रमा गर्मीका कारण सबैभन्दा धेरै मृत्यु भएको मन्त्रालयले जनाएको छ।

वैज्ञानिकहरूले लामो समयदेखि मानव-प्रेरित जलवायु परिवर्तनले अधिक बारम्बार, लामो र अधिक तीव्र तातो छालहरू उत्पादन गर्ने चेतावनी दिएका छन्।

संयुक्त राष्ट्रसङ्घको मौसम विज्ञान सङ्गठनका अनुसार अल निनोको घटनाले यस वर्षको असाधारण गर्मीको मौसमलाई ल्याउन सहयोग गरिरहेको छ। एसिया पनि विश्वव्यापी औसतभन्दा तीव्र गतिमा तातो भइरहेको छ।

थाइल्यान्डको रोग नियन्त्रण विभागका सहायक अपिचार्ट वाचिराफानले अन्तर्निहित चिकित्सकीय अवस्था भएका मानिसहरूलाई बाहिर निस्कने समयलाई सीमित गर्न चेतावनी दिनुभयो।

सामान्य भन्दा लामो समयसम्म चल्ने तातो मौसमको साथ यस वर्ष राज्यले मनसुनको मौसममा ढिलाइ अनुभव गरेको छ। यस हप्ता राज्यका केही भागमा आँधीबेहरी आउँदा तापक्रम कम भएको छ तर अधिकारीहरूबाट सम्भावित बाढीको चेतावनी ल्याएको छ।

# अमेरिकामा प्राकृतिक ग्यासको साप्ताहिक भण्डारण बढ्यो

**सिन्ह्वा**

ह्युस्टन । संयुक्त राज्य अमेरिकामा मे ३ तारिख अन्त्य भएको सातामा कार्यशील ग्यास भण्डारण दुई हजार पाँच सय ६३ अर्ब घनफिट रहेको अमेरिकी ऊर्जा सूचना प्रशासन (इआइए) ले बिहीबार बताएको छ। यो अघिल्लो साताको तुलनामा ७९ अर्ब घनफिटले शुद्ध वृद्धि भएको उक्त संस्थाले बताएको छ।

इआइए ऊर्जाको तथ्याङ्क सङ्कलन, विश्लेषण, सञ्चालन र पूर्वानुमान गर्ने जिम्मेवार सरकारी निकाय हो। इआइएको साप्ताहिक प्राकृतिक ग्यास भण्डारण प्रतिवेदनअनुसार कूल कार्यशील ग्यास भण्डारण गत वर्षको यही समयको तुलनामा २१ प्रतिशतले र पाँच वर्षको औसतभन्दा ३३ दशमलव तीन प्रतिशतले बढेको छ।

# जेलेन्स्कीका गार्डका प्रमुख बर्खास्त

**एएनआई**

किएभ । युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीको हत्याको षड्यन्त्रमा दुई जना सदस्य संलग्न भएको आरोप लागेपछि राज्य गार्डका प्रमुखलाई बर्खास्त गरिएको अल जजिराले जनाएको छ।

जेलेन्स्कीले बिहीबार राज्य गार्डका पूर्वनेता सेरही रुडलाई बर्खास्त गर्नुभएको अल जजिराले रिपोर्ट गरेको छ। राज्य सुरक्षा सेवा (एसबियु) ले यस हप्ताको सुरुमा जेलेन्स्की र अन्य अधिकारीहरू विरुद्धको हत्याको षड्यन्त्र पत्ता लगाएको बताएपछि यो निर्णय आएको हो।

यद्यपि रिपोर्टका अनुसार उत्तराधिकारीका बारेमा अहिलेसम्म कुनै आधिकारिक तथ्य आएको छैन।

एसबियुका अनुसार स्टेट गार्डका दुई जना कर्नेलले जेलेन्स्कीलाई बन्धक बनाई हत्या गर्ने योजना बनाएका थिए। एसबियु प्रमुख भासिल मालियुक र सैन्य गुप्तचर एजेन्सीका प्रमुख किरिलो बुदानोभलगायतका अधिकारीहरू पनि असफल षड्यन्त्रको लक्ष्य रहेको बताइएको छ।

युक्रेनी राष्ट्रपति जेलेन्स्कीको हत्याको योजना बनाएको आरोपमा दुई युक्रेनी सुरक्षा अधिकारी पक्राउ परेको



राज्य सुरक्षा सेवालाई उद्धृत गर्दै सिएनएनले रिपोर्ट गरेको छ।

युक्रेनको सरकारी सुरक्षा एकाइका दुई कर्नेलमाथि 'आर्थिक क्षतिपूर्तिको बदलामा युक्रेनविरुद्धका गतिविधि गरेको आरोपमा राजद्रोहको आरोप लगाइएको थियो। तीमध्ये एकलाई आतङ्कवादी कार्यको तयारी गरेको आरोप पनि लगाइएको युक्रेनको अभियोजक जनरलको कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार एक संदिग्धले रुसको राज्य सुरक्षा सेवा (एफएसबी) बाट दुई ड्रोन र गोला बारुद प्राप्त गरी अर्को सहयोगीलाई विस्फोटको लागि हस्तान्तरण गर्न चाहन्थे।

एसबियुले जेलेन्स्की र एसबियुका प्रमुख भासिल मालियुक तथा युक्रेनको डिफेन्स इन्टेलिजेन्सका प्रमुख किरिलो बुडानोभलगायत अन्य वरिष्ठ युक्रेनी अधिकारीहरूको हत्या गर्ने 'सक्रियरूपमा विकास भइरहेको योजना' लाई 'विफल' पारेको बताएको छ।

दुई अङ्गरक्षकले सङ्घीय सुरक्षा सेवामा संवेदनशील जानकारी सार्वजनिक गरेको आरोप लगाउने एसबियुको आरोपमाथि रुसले आधिकारिक प्रतिक्रिया भने दिएको छैन।

पछिल्लो समयमा रुससँगको युक्रेनी द्वन्द्वमा प्रगति अवरुद्ध भएकाले जेलेन्स्कीको प्रशासनले धेरै कठिनाइको सामना गर्नुपरेको छ। साथै अधिकारीहरूले भ्रष्टाचारको आरोपको सामना गरिरहेका छन्।

यसअघि फेब्रअरीमा जेलेन्स्कीले जनरल भ्यालेरी जालुज्नीलाई पदबाट बर्खास्त गरेपछि अलेक्जेन्डर सिरस्कीलाई नयाँ सेनाप्रमुखका रूपमा नियुक्त गर्नुभएको थियो।

# पुनः नियुक्त गर्ने पुटिनको प्रस्ताव

सिन्ह्वा

मस्को । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले मिखाइल मिशुस्टिनलाई पुनः रुसको प्रधानमन्त्रीमा नियुक्त गर्न संसदको तल्लो सदन स्टेट ड्युमामा प्रस्ताव गर्नुभएको छ।

प्रधानमन्त्री पदका लागि राष्ट्रपति पुटिनले अघि सार्नु भएका उम्मेदवारलाई राज्य डुमाको शुक्रबारको बैठकले अनुमोदन गर्ने राज्य डुमाका सभामुख व्याचेस्लाभ भोलोदिनलाई बताउनु भएको छ।

मङ्गलबार क्रेमलिनमा पुटिनले रुसी राष्ट्रपतिको रुपमा शपथ ग्रहण गरेपछि मिशुस्टिनले कानुन बमोजिम रुसी मन्त्रिपरिषदको प्रमुखबाट राजीनामा दिनुभएको थियो।



महोत्तरी जिल्लाको एकडारा गाउँपालिका- १ स्थित बगैंचामा लटरम्म फलेको आँप । तस्वीर : रासस

# विदेशको कमाइले स्वदेशमा उद्यमी

विराटनगर । लामो समय वैदेशिक रोजगारीको कमाइले मोरङका युवा स्वदेशमा उद्यमी बन्नुभएको छ । करिब सात वर्षअघि मोरङको बेलबारी-९ डाँगीहाटमा रु एक करोड लगानीबाट सुरु भएको कृषि फार्मले हाल वार्षिक सबै खर्च कटाएर रु ५० लाख आम्दानी गरिरहेको छ ।

वैदेशिक रोजगारीबाट फर्किएका युवा व्यवसायी होमनाथ बास्कोटा, राजु डाँगी, जितेन्द्र दाहाल र स्वदेशमै रोजगारी गरिरहनुभएका नगेन्द्र अधिकारी, विष्णु बस्नेत र गोविन्द अधिकारीले २०७४ सालमा लेयर्स जातको कुखुरा पालनबाट सुरु भएको फार्ममा हाल उन्नत जातका बाख्रा र मेवा खेती पनि रहेका छन् ।

करिब डेढ दशकसम्म विदेशमा बिताएर फर्किएपछि उहाँहरुले मिलेर अण्डा दिने कुखुरापालन गर्न थाल्नुभएको हो । डेढ बिघा जमिन क्षेत्रफलमा रहेको उक्त फार्ममा रहेका १७ हजार लेयर्स कुखुरा फार्मबाट दैनिक १३ हजार अण्डा उत्पादन भइरहेको सञ्चालक होमनाथ बताउनुहुन्छ । "अहिले अण्डाको आम्दानीले विदेशलाई नै भुलाएको छ", बास्कोटाले भन्नुभयो, "प्रतिगोटा रु १२ का दरले बेचिरहेको अण्डाबाट दैनिक रु एक लाख ५६ हजारको बिक्री हुने गरेको छ ।"

उहाँका अनुसार उत्पादित अण्डा ७० प्रतिशत स्थानीय बजारमा खपत हुन्छ भने ३० प्रतिशत बाहिरको बजारमा खपत हुँदै आएको छ । स्थानीय धरान, विराटनगर, इटहरी, दमकलगायत पूर्वका सहरमा अण्डा जाने गरेको उहाँले बताउनुभयो । आफूले यो बीचमा कुखुरासम्बन्धी प्राविधिक ज्ञानसमेत लिएको बताउँदै उहाँले भन्नुभयो, "कुखुरा बाख्रालगायतमा कुनै रोग लागे पशु डाक्टरको ठूलो अभाव रहेको छ ।"

मिर्मिरे एग्रो प्रालि नाम रहेको उक्त कृषि फार्ममा कुखुराका साथै बाख्रापालन पनि रहेको छ । खरी, बोयर, पिटर र जामुनापारी जातका ८० को सङ्ख्यामा बाख्रा रहेका छन् । बाख्राको माग उच्च रहेको जनाउँदै सञ्चालक होमनाथले व्यावसायिक बाख्रापालनमा राम्रो आम्दानी रहेको दाबी गर्नुभयो । उक्त फार्ममा कुखुरा र बाख्रासँगै मेवाखेती पनि रहेको छ । चार कट्ठा जमिनमा तीन सय ५० बोट मेवा रहेका छन् । एउटा बोटमा एक याममा ६० किलोदेखि सय किलोसम्म फल्ने गरेको फार्म सञ्चालक होमनाथ बताउनुहुन्छ । होलसेल मूल्यमै हाल रु ९० प्रतिकिलोका दरले विराटनगरमा बिक्री भइरहेको उहाँ बताउनुहुन्छ ।

खुला सिमानाका कारणले उत्पादित अण्डाको मूल्यमा एकरुपता आउन नसकेको जनाउँदै कुखुराले खाने चारोको मूल्य वृद्धिको अनुपातमा अण्डाको मूल्य बढ्न नसकेको फार्म सञ्चालक होमनाथ बताउनुहुन्छ । स्थानीय पालिकाले कृषि तथा पशुको पकेट क्षेत्र तोक्न आवश्यक रहेको फार्म सञ्चालक उहाँ बताउनुहुन्छ । पकेट क्षेत्र तोक्दा कृषि पशुपालन क्षेत्र व्यवस्थित हुनुका साथै कृषक लाभान्वित हुने उहाँले बताउनुभयो । रासस

# नयाँ एनसेल सेन्टर वीरगञ्जमा



टुडे समाचारदाता

वीरगञ्ज । एनसेल आजियाटा लिमिटेडले आफ्ना ग्राहकलाई एकै स्थानबाट विभिन्न सेवा प्रदान गर्दै ग्राहकलाई विश्वस्तरीय सेवा सुविधाको अनुभव प्रदान गर्ने उद्देश्यका साथ घन्टाघर (शिव आँखा अस्पताल नजिक) आफ्नो नयाँ सेन्टर संचालनमा ल्याएको छ ।

एनसेलका चीफ अफ स्टाफ, अपरेशन स्टेफन रोड्रिगेजले एक कार्यक्रम माझ बिहीबार उक्त नयाँ एनसेल सेन्टरको उद्घाटन गरेका थिए । यो सेन्टरबाट ग्राहकहरुले सबै ग्राहक सेवा प्राप्त गर्न सक्छन् ।

आफ्नो ब्राण्ड बाचा 'आज, भोलि, सधैं सँगै' तथा थीम 'हामी तपाईंकै लागि' अनुरुप स्थापना गरिएको यस नयाँ एनसेल सेन्टरबाट ग्राहकले एनसेलका सेवा तथा सुविधाहरुका बारेमा सोधपुछ गर्न, सिम खरिद गर्न, इन्टरनेट सेटिङ्गको जानकारी लगायत विभिन्न कर्पोरेट सेवाहरु समेत लिन सक्छन् । यसैगरी ग्राहकहरुले यस सेन्टरबाट आफ्नो सिम फोरजीमा अपग्रेड गर्ने, सिम तथा मोबाइल नम्बर परिवर्तन, सिम ईसिममा अपग्रेड गर्ने, सीयुजी नम्बरहरुको आवश्यक फेरबदल गर्ने, बिज प्लान, अन्तर्राष्ट्रिय रोमिङ्ग सुचारु गर्ने, बिल तिर्ने, ब्यालेन्स रिचार्ज र ट्रान्सफर गर्ने लगायतका ग्राहक सेवाहरु प्राप्त गर्न सक्छन् ।

"सधैं हामीले गर्ने सबै कार्यहरुमा हामी हाम्रा ग्राहकहरुलाई केन्द्र राख्छौं र ' हामी तपाईंकै लागि' थिम अन्तर्गत रही उच्च ग्राहक अनुभव प्रदान गर्दै हाम्रा ग्राहकहरुलाई निरन्तर सेवा प्रदान गर्न पाएकोमा हामी खुसी छौं, " रोड्रिगेजले भने ।वीरगन्जमा यो नयाँ एनसेल सेन्टरको उद्घाटन तथा संचालनले हाम्रा ग्राहकहरूलाई स्थानीय रूपमा विश्वस्तरीय सेवाहरू प्रदान गर्ने हाम्रो प्रतिबद्धतालाई पुनःपुष्टि गर्दछ।" नयाँ सेन्टरको उद्घाटनको अवसरमा यस सेन्टरबाट रु १०० र यो भन्दा बढि ब्यालेन्स रिचार्ज गर्ने हरेक ग्राहकलाई एनसेलका विभिन्न उपहार प्रदान पनिगरिएको थियो ।

आइतबार देखि शुक्रबार हप्ताको ६ दिन यस सेन्टरले ग्राहकहरुलाई सेवा प्रदान गर्नेछ । यस अघि एनसेलले माइस्थान वीरगञ्जमा रहेको आफ्नो पुरानो एनसेल सेन्टरबाट ग्राहक सेवा प्रदान गर्दै आएको थियो । आफ्नो ग्राहक सेवालाई अझ सहज बनाई उत्कृष्ट ग्राहक अनुभव प्रदान गर्न एनसेलले देशका विभिन्न भागमा ३४ वटा एनसेल सेन्टरहरु संचालन गर्दै आएको छ ।

# पूर्वी नाकामा एकपछि अर्को तगारो

झापा । पूर्वीनाका काँकडभिट्टाबाट दशकौँदेखि सहजरुपमा हुँदै आएको निर्यात व्यापार तथा पर्यटकीय आवागमनमा भारतीय नीति एकपछि अर्को गर्दै बाधक बन्दै गर्दा यसको सोझो असर नेपाली अर्थतन्त्रमा परेको छ ।

नेपालमा उत्पादित अलैँची, प्लाइउड, चिया, छुर्पी, अम्लिसो, अदुवा, प्लाइउडको मुख्य कच्चा पदार्थ (भेनियर सिट) लगायतका कृषिजन्य उत्पादनको बजार भारतमा निर्भर छ ।

निर्यात सहज भएका बेला किसानले आफ्नो उत्पादनको मनग्य मूल्य पाउँदै आएका थिए । तर, भारत सरकारको पछिल्लो गुणस्तर मापदण्ड नीति नेपाली उत्पादनको निर्यातका लागि तगारो बनेको व्यवसायीहरु बताउँछन् । यसै साता भारत पठाइएको नेपाली चिया लोड गरिएका १७ वटा ट्रकलाई पश्चिम बङ्गालको पानीट्याङ्की स्थल भन्सार कार्यालयले गुणस्तर परीक्षणको निहुँमा नाकामा रोकिएको बताइएको छ ।

नेपाली चियाको निर्यातका लागि पटके गुणस्तर परीक्षणको नयाँ नियम लगाएको कारण ती चिया भारतीय भन्सार विन्दुमै रोकिएको नेपाल चिया उत्पादन सङ्घ झापाका पूर्वअध्यक्ष सुरेशकुमार मित्तल बताउनुहुन्छ । उहाँका अनुसार यसअघि गुणस्तर परीक्षणको नियम सहज थियो । विगतमा वार्षिक रु चार अर्बसम्मको चिया भारततर्फ काँकडभिट्टा नाकाबाट निर्यात हुँदै आएको थियो । आउँदा दिनमा अवरोधको गाँठो फुकेन भने नेपालले चियाको भारतीय बजार हठात गुमाउनुपर्ने हुनसक्छ । काँकडभिट्टा भन्सारबाट सबैभन्दा धेरै निर्यात हुने वस्तुको पहिलो नम्बरमा अलैँची छ भने चौथो नम्बरमा चिया रहेको छ ।

मेची भन्सार कार्यालयको तथ्याङ्कअनुसार चालु आव २०८०/८१ को नौ महिनामा काँकडभिट्टा-पानीट्याङ्की नाका भएर रु दुई अर्ब १८ करोड ८९ लाख २२ हजार मूल्यको चिया भारत निर्यात भएको छ । यसअघि आव २०७९/८० को चैतसम्मको नौ महिने अवधिमा सोही नाकाबाट रु दुई अर्ब ६६ करोड ५४ लाख १८ हजार मूल्य बराबरको चिया भारत निर्यात भएको थियो ।

निर्यात व्यवसायमा संलग्न काँकडभिट्टाका रोशन अग्रवालका अनुसार भारतको केन्द्रीय सरकारबाटै नेपाली चियाको निर्यातमा अंकुश लगाउन शतप्रतिशत गुणस्तरको अव्यवहारिक नियम लगाइएको हो । निर्यात हुने चियाको ट्रकैपिच्छे अब पटना, दिल्ली, कोलकाताजस्ता टाढा रहेका प्रयोगशालाबाट गुणस्तरीय जाँचपास प्रमाणपत्र पेस गर्नुपर्ने झन्झट थपिएको उहाँले बताउनुभयो ।

बर्सेनि चियाको निर्यात बढ्ने गरे तापनि अघिल्लो आर्थिक वर्षको नौ महिनाको तुलनामा चालु आवको सोही अवधिमा भारततर्फ चियाको निर्यातमा १८ प्रतिशतले ह्रास आएको छ । "निर्यातको दर घट्न थालेको अवस्थामा भारतले शतप्रतिशत गुणस्तर परीक्षणको नयाँ बखेडा झिकेर अब त सामान नै रोकिदियो", अग्रवालको भनाइ छ ।

सिटीसी र अर्थोडक्स गरी दुवै प्रकारका चिया भारत निर्यात हुँदै आएको पूर्वअध्यक्ष मित्तलको भनाइ छ । "नेपाली चियाको ९० प्रतिशत निर्यात भारतमै हुने गरेको छ", उहाँले भन्नुभयो, "पटके गुणस्तर परीक्षणको भारतीय सरकारको नियम लागू भयो भने नेपाली चिया उद्योग बन्द गर्नुपर्ने स्थिति सिर्जना हुन्छ ।" नेपालमा उत्पादित चियाको ९२ प्रतिशत मात्रा काँकडभिट्टा नाका भएर भारत निर्यात हुने गरेको छ । चियाको समस्याको बारेमा नेपाल सरकारले तत्काल भारत सरकारसँग वार्ता गर्नुपर्ने उहाँले बताउनुभयो ।

मेची उद्योग वाणिज्य सङ्घका अध्यक्ष खेमराज प्रसाईका अनुसार भारतले नेपालमा गरिएको गुणस्तर जाँचको रिपोर्टलाई मान्यता दिएको छैन । भारतको पानीट्याङ्की भन्सारमा समेत गुणस्तर जाँच्ने प्रयोगशाला छैन । भारतको कोलकाता, दिल्ली, पटनालगायतका दूरीका हिसाबले टाढाको प्रयोगशालामा गरिएको गुणस्तर जाँचपासलाई मात्र भारतीय भन्सारले मान्यता दिने भएको हुँदा यसबाट नेपाली चिया निर्यातमा संलग्न व्यवसायीले झन्झट भोग्नु परिरहेको छ ।

नेपालबाट भारत निकासी हुने अर्को मुख्य मालबस्तुमा प्लाइउड र भेनियर सिट पनि पर्दछ । पछिल्लो छ महिनादेखि यी सामानको निकासीमा समेत भारतले 'आइएसआई' प्रमाणित हुनुपर्ने गुणस्तर मापदण्डको नयाँ नियम लगाएर अन्योल थपिदिएको छ । चालु आव २०८०/८१ को नौ महिनामा काँकडभिट्टा नाकाबाट रु दुई अर्ब २६ करोड ८७ लाख ६१ हजार मूल्य बराबरको नेपाली प्लाइउड भारत निर्यात भएको छ । यसअघि आव २०७९/८० को चैतसम्मको नौ महिने अवधिमा सोही नाकाबाट रु एक अर्ब २९ करोड ३८ लाख ८० हजार मूल्य बराबरको प्लाइउड भारत निर्यात भएको थियो ।

यही नाका भएर नेपाली भेनियर सिटको भारत निर्यात समेत उल्लेख्य रहेको छ । चालु आवको नौ महिनामा रु ३३ करोड ५५ लाख ५६ हजार मूल्य बराबरको भेनियर सिट निकासी भएको थियो भने अघिल्लो आवको सोही अवधिमा रु दुई करोड चार लाख ६८ हजार मूल्यको भेनियर सिट भारतमा निर्यात भएको देखिन्छ ।

रासस

# घडेरी कब्जा गरी फिर्ता

टुडे समाचारदाता

जनकपुरधाम । धनुषामा मिटर ब्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समितिले अनुचित लेनदेन पीडितहरुको जग्गा कब्जा गरी घडेरी फिर्ता गरेका छन् ।

मिटर ब्याजी दिनेश ठाकुरले गरेको मिटर ब्याजी पीडित संघर्ष समिति धनुषाका नेता कर्णले बताए ।

सो भेलामा मिटर ब्याज पीडित संघर्ष समिति धनुषाका अध्यक्ष राजाराम यादव, जिल्ला कमाण्ड ईन्चार्ज बहुरु राउत, जिल्ला सदस्य प्रमोद यादव,



मिटर ब्याज पीडित समतोलिया देवी पासमानको घडेरी लेनदेनमा कब्जा गरिएको भन्दै सो घडेरी मिटर ब्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समिति नेपाल धनुषाले पीडितलाई हकभोग गर्न लगाएको मिटर ब्याजी पीडित संघर्ष समिति धनुषाका नेता रवि कर्णले जानकारी दिएका छन् ।

जनकपुधामउपमहानगरपालिकास्थित लोहनामा क्षेत्रीयस्तरको अनुचित लेनदेन पीडितहरुको भेला समेत इन्चार्ज मोहन महतो, जिल्ला सदस्य मुकेश यादव, केन्द्रीय प्रवक्ता नीशि नबीन, क्षेत्र नम्बर १ का इन्चार्ज जोगेन्द्र यादव, क्षेत्र नम्बर २ का क्षेत्रीय इन्चार्ज महराजा साह, क्षेत्र नम्बर ३ क्षेत्रीय इन्चार्ज शम्भु प्रसाद यादव, क्षेत्र नम्बर ४ का क्षेत्रीय इन्चार्ज राजकुमार मण्डल, फोर्स इन्चार्ज अनिल कुमार यादव, इन्चार्ज श्याम मण्डललगायतकाहरुको उपस्थिति रहेको थियो ।

# छानबिन गर्न निगमद्वारा समिति गठन




काठमाण्डु । नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले ' नाइन एन-एकेएक्स' कलसाइन न्यारोबडी ए-३२० जहाजको इञ्जिन मर्मतमा ढिलाइ भएको सम्बन्धमा छानबिन गर्न समिति गठन गरेको छ ।

निगम सञ्चालक समितिको बैठकले सञ्चालक समिति सदस्य क्याप्टेन सुधिर शमशेर राईको संयोजकत्वमा पाँच सदस्यीय छानबिन उपसमिति गठन गरेको निगमका प्रवक्ता रमेश पौडेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार समितिलाई निगमको जहाजको इञ्जिन इजरायल एरोस्पेस इन्डस्ट्रिज (आइएआई)मा मर्मत संभार गर्न पठाइएकोमा समयमा नआएको र भाडाको इञ्जिन समयमा नदिएको सम्बन्धमा छानबिन एवं अध्ययन गरी १५ दिनभित्र उपयुक्त राय सिफारिससहित प्रतिवेदन पेश गर्न कार्यादेश दिइएको छ । निगमको न्यारो बडी जहाजको इजरायलमा इञ्जिन मर्मत गर्न करिब पाँच महिना लागेको थियो । निगमको उक्त जहाज मर्मतपछि अहिले नियमित उडानमा छ । रासस

# दुई हजार तीन सयले बढ्यो सुनको मूल्य

काठमाण्डु । स्थानीय बजारमा शुक्रबार पहेँलो धातुको मूल्य तोलामा रु दुई हजार तीन सयले वृद्धि भएको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार, छापावाला सुन बिहीबार प्रतितोला रु एक लाख ३५ हजार छ सयमा कारोबार भएको थियो । शुक्रबारका लागि भने छापावाला सुन तोलामा रु एक लाख ३७ हजार नौ सय बराबरको मूल्य निर्धारण भएको छ ।

त्यस्तै, तेजाबी सुन बिहीबार प्रतितोला रु एक लाख ३४ हजार नौ सय ५० मा कारोबार भएको थियो । शुक्रबारका लागि भने तेजाबी सुन रु एक लाख ३७ हजार दुई सय ५० निर्धारण भएको छ ।

यसैगरी, चाँदी भने तोलामा रु ५० ले बृद्धि भएको छ ।


## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१/०१/२८ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले बर्दिवास शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्ने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता, जमानीकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**ऋणी संस्थाको नाम : श्री शिव गुरु बहुउद्देश्य सहकारी संस्था लि। रजिष्टर्ड ठेगाना : ढल्केवर ५ धनुषा ।**
**हालको ठेगाना मिथिला ६, धनुषा** **दर्ता नं: १०१३-०६८।०६९**

**संचालक तथा जमानीकर्ताको विवरण**

१) **नाम : राम कुमार महतो (अध्यक्ष जमानीकर्ता)**
बुवा : राज देव महतो
बाजे : गोनर महतो
ना प्र नं. : १७१०९७८३५
ठेगाना : ढल्केवर-५, धनुषा

२) **नाम : तुलसा पोखरेल (उपाध्यक्ष जमानीकर्ता)**
बुवा : नन्दिकेशर पोखरेल
ससुरा : रगुवर शर्मा
पति : विष्णु प्रसाद शर्मा
ना.प्र.नं : १७१०९६।१९१
ठेगाना : ढल्केवर-३, धनुषा

३) **नाम : संन्तोष कुमार महतो (सचिव जमानिकर्ता)**
बाबु : राम दुलार महतो
बाजे : सुभख महतो
ना.प्र.नं : १७१०९६।८७०
ठेगाना : ढल्केवर-५, धनुषा

४) **नाम :सुनिता देवी महतो (कोषाध्यक्ष जमानिकर्ता)**
बाबु : विन्देश्वर प्रसाद महतो
ससुरा : भोलाय महतो
पति : सोनम महतो कोइरी
ना.प्र.नं : ५२२६८९९९
ठेगाना : ढल्केवर-६, धनुषा

५) **नाम : अजय कुमार महतो (संचालकउपसचिव जमानिकर्ता)**
बाबु : विनोद कुमार महतो
बाजे : विल्ट महतो
ना.प्र.नं : १७-०१-७२-०३२४२
ठेगाना : मिथिला-७, धनुषा

६) **नाम : ठकाई महतो कोइरी (संचालक जमानिकर्ता)**
बाबु : सरयुग महतो
बाजे : मनु लाल महतो
ना.प्र.नं : २५६६२०५५
ठेगाना : ढल्केवर-६, धनुषा

७) **नाम : पवित्री देवी महरा चमार (संचालक जमानिकर्ता)**
बाबु : शिवधर महरा चमार । ससुरा : मधुरी महरा । पति : सुवरण दास चमार
ना.प्र.नं : १७३०९७११६२ ठेगाना : धनुषा-४, धनुषा

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री मुन लाल महतो को नाति श्री सरयुग महतो को छोरा धनुषा जिल्ला ढल्केवर गा.वि.स. वडा नं. ६ बस्ने ६७ बर्ष को श्री ठकाई महतो कोइरी को नाममा मालपोत कार्यालय धनुषा मा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला बेंगा डावर गा.वि.स. वडा नं. ३ख को कित्ता नं. ४११ को क्षेत्रफल ०-१-०-० जग्गा सो जग्गाले चर्चेको लिगलगापात समेत ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop

# कोशीमा मुख्यमन्त्री नियुक्ति विवादमा अन्तरिम आदेश अस्वीकार

**टुडे समाचारदाता**

विराटनगर । कोशी प्रदेश सरकारको मुख्यमन्त्री विवादमा सर्वोच्च अदालतले अन्तरिम आदेश अस्वीकार गरेका छन् ।

नवनियुक्त मुख्यमन्त्री हिक्मत कार्कीको नियुक्तिविरुद्ध परेको रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ ।

कोशी प्रदेशका कांग्रेस संसदीय दलका नेता केदार कार्कीले प्रदेश प्रमुख कार्यालय कोशी प्रदेशसमेतलाई विपक्षी बनाएर दायर गरेको रिटमा सर्वोच्चले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ ।

सर्वोच्च अदालतका न्यायाधीश हरिप्रसाद फुयालको एकल इजलासले रिट निवेदनमा उल्लिखित संविधानको व्याख्याको विषय अन्तर्निहित भएको देखिएकाले पूर्ण सुनुवाइबाटै सो विषयको निरुपण हुनुपर्ने आदेश दिएको छ । त्यस्तै सर्वोच्चले जेठ ९ मा अर्को पेशी तोकी विपक्षीहरूसँग लिखित जवाफसमेत माग गरेको छ ।



अदालतको आदेशमा, 'यस निवेदनमा उल्लिखित संविधानको व्याख्याको विषय अन्तर्निहित भएको देखिँदा उक्त विषयहरूको निरुपण पूर्ण सुनुवाइबाट हुनु पर्ने देखिएकोले हाललाई निवेदकको माग बमोजिमको अन्तरिम आदेश जारी गरी रहनु परेन ।' भनिएको छ । केदार कार्कीले नेकपा एमालेका संसदीय दलका नेता हिक्मतकुमार कार्कीलाई मुख्यमन्त्री जिम्मेवारीमा कुनै काम नगर्न/नगराउन र आफूलाई यथावत रूपमा जिम्मेवारी बहन गर्ने व्यवस्थाको माग गर्दै सर्वोच्चमा रिट दायर गरेका थिए ।

मुख्यमन्त्री नियुक्तविरुद्ध निवर्तमान मुख्यमन्त्री कार्कीले बिहीबार नै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । रिटमा प्रदेश प्रमुख खापुङ, सभामुख अम्बरबहादुर विष्ट, एमाले प्रदेश संसदीय दलका नेता तथा मुख्यमन्त्री कार्की तथा संकल्प प्रस्तावका समर्थकलाई विपक्षी बनाइएको छ । रिटमा नेपालको संविधानको धारा १३३ (२) (३) बमोजिम उत्प्रेषण, परमादेशलगायत उपयुक्त आदेश जारी गर्न माग गरिएको छ ।

झापा ५ (१) बाट निर्वाचित हिक्मतकुमार प्रदेशसभाको यो कार्यकालमा तेस्रो पटक मुख्यमन्त्री नियुक्त भएका छन् । २०७९ पुस २४ मा उनी नेकपा माओवादी केन्द्र, जसपा नेपाल, राप्रपालगायतको समर्थनमा संविधानको धारा १६८ को उपधारा २ अनुसार पहिलो पटक मुख्यमन्त्री बनेका थिए ।

माओवादी र जसपाले साथ छाडेपछि ०८० असार १५ मा पदमुक्त भए । ६ दिनपछि कांग्रेस नेता उद्धव थापा असार २१ मा मुख्यमन्त्री बनेका थिए । कांग्रेसका प्रदेश सभापति थापा माओवादीनिकट सभामुख बाबुराम गौतमलाई पनि चुनावी प्रक्रियामा सामेल गराएर मुख्यमन्त्री बनेका कारण आलोचनासमेत भएको थियो । उनलाई साउन ११ मा सर्वोच्च अदालतले अवैधानिक घोषित गर्दै पदमुक्त नै गरेको थियो ।

सभामुख गौतमको राजीनामापछि साउन १६ मा थापा पुनः दोस्रोपटक मुख्यमन्त्री बनेका थिए । तर, भदौ २१ मा सर्वोच्चले थापाको नियुक्ति पुनः बदर गरिदिएको थियो । संविधानको धारा १६८ को उपधारा ३ अनुसार सबैभन्दा ठूलो दलको हैसियतमा एमालेका हिक्मतकुमारलाई सर्वोच्चले मुख्यमन्त्री नियुक्त गर्न परमादेश गरेपछि भदौ २२ मा उनी दोस्रो पटक मुख्यमन्त्री बनेका छन् ।

पहिलो पटक ६ महिना ६ दिन कुर्सीमा बसेका कार्की दोस्रो पटक २९ दिनमै बहिर्गमन हुनु परेको थियो । विश्वासको मत पाउने सम्भावना नदेखेपछि असोज २० मा उनले राजीनामा दिएका थिए । त्यसपछि एमालेका ३९ र कांग्रेसका ८ सांसदको समर्थनमा कांग्रेस नेता केदार मुख्यमन्त्री नियुक्त भएका थिए ।

# आत्महत्याको कहालीलाग्दो तस्वीर



श्यामसुन्दर शशि

**पहिलो घटना** : २०८१ वैशाख ७, शुक्रबार जनकपुरधाम उपमहानगपालिका- १६ स्थित रेल्वे लिक नजिकको पोखरीको डिलमा साँझ ८ बजे २५ वर्षीया महतो थरकी एक महिलाको शव जलिरहेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिएको थियो । जलिरहेकै शव नजिक १४ महिने एक बालिकाको शरीरमा पनि आगो सल्कि रहेको थियो । १४ महिने माही महतोको जिउमा पनि जिउँदै आगो लगाइएको रै छ । आमाको घटनास्थलमै मृत्यु भइसकेको थियो भने छोरीको उपचारको क्रममा प्रादेशिक अस्पताल जनकपुरधाममा मृत्यु भएको थियो ।

**दोश्रो घटना** : २०८१ वैशाख १२, बुधबार, जनकपुरधामको रामानन्द चोक स्थित होटल होलिडे एण्ड गेष्ट हाउसको कोठा नम्बर २०५ मा अन्दाजी ३० वर्षीय हितेन्द्र पासमान र २५ वर्षीया एक युवती एउटै सलमा पासो लगाएर आत्महत्या गरेको प्रहरीले फेला पाऱ्यो । अचम्म त के भने प्रेमी-प्रेमिका आत्महत्या गर्दैगर्दाको दृश्य युवतीकी दुई वर्षीया छोरी नाङो आँखाले हेरिरहेकी थिइन् । बिचरा । जति रोए कराए पनि आफ्नी आमासमेतलाई जोगाउँन सकिन ।

**तेश्रो घटना** : २०८१ वैशाख १२, बुधबार जनकपुरधामको पिडारी चोक स्थित नमुना होटेल एण्ड गेस्ट हाउसमा एक युवक मृत फेला परे । मृतक धनुषाको गणेशमानचारनाथ नगरपालिका- ३ का २५ वर्षीय मित कुसियैत यादव रहेको प्रहरीले सनाखत गऱ्यो ।

नयाँ वर्ष २०८१ सुरु भएको दुई साता भित्र घटेका आत्महत्याका यी प्रतिनिधिमुलक घटनाहरु हुन् । आफ्नो जीवनबाट वाक्क दिक्क भएर आफ्नो ज्यान लिने घटना नयाँ नभए पनि प्रेम, घृणा, आर्थिक तंगी किंवा सामाजिक अपहेलनाको कारण महतो थरकी महिला जस्तै आफूसंगै आफ्नो सन्तानको पनि ज्यान लिनु वा होटेल होलिडे एण्ड गेष्ट हाउसकी युवती जस्तै छोरीको आँखा अगाडि नै पासोमा झुण्डिनु निर्दयताको पराकाष्ठा हो ।

पहिलो घटनामा मृत्यु भएकी महिला महोत्तरी मनरासिस्वा नगरपालिका- २ इटहर्वाकी रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । महोत्तरीकै पिपरा गाउँपालिका- १ ढेकहा माइती भएकी ती महिला वैशाख १ गते ससुरालीबाट माइत जाने निहुँमा घरबाट निस्केर जनकपुरधाममा बस्दै आएकी थिइन् । उनको एक पुरुषसंग सम्बन्ध रहेको प्रहरीको अनुमान छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाबाट प्राप्त जानकारी अनुसार, दोश्रो घटना पनि महोत्तरीकै हो । पिपरा गाउँपालिका-३ घर भएका हितेन्द्र पासवान र सोही गाउँमा माइती भइ महोत्तरीकै लोहारपट्टी नगरपालिका- ४ खुट्टा बिहे भएकी उक्त युवती बीच प्रेम सम्बन्ध थियो । एउटै पासोमा झुण्डिएका



युवा युवती दुवै विवाहित थिए । तर दुवैमा प्रेम सम्बन्ध भने छँदै थियो ।

चालू आर्थिक वर्षको पछिल्लो ११ महिनामा देशभर ६ हजार ९ सय ६३ जनाले आत्महत्या गरेको प्रहरी प्रधान कार्यालयको तथ्यांकले देखाउँछ ।

अर्थात् एक दिनमा सरदर २१ जना तथा प्रत्येक घन्टा करिब एक जनाले आत्महत्या गर्ने गरेको छ ।

आत्महत्या गर्नेहरुका ३ हजार ४ सय ९८ पुरुष, एक हजार ९ सय ८३ महिला, २ सय ४२ बालक र ४ सय ४४ जना बालिका रहेका छन् ।

आर्थिक वर्ष २०७७/७८ मा ७ हजार १ सय ४१ जनाले आत्महत्या गरेका थिए । अर्थात् मुलुकमा आत्महत्या गर्नेहरुको संख्यामा निरन्तर वृद्धि हुंदै आएको छ ।

चालू आर्थिक वर्षमा सबैभन्दा बढी कोशी प्रदेशमा एक हजार ३ स ६५ जनाले आत्महत्या गरेका छन् भने लुम्बिनी प्रदेशमा एक हजार १ सय ५६, मधेश प्रदेशमा ९ सय १४, बागमती प्रदेशमा ८ सय ४२, गण्डकी प्रदेशमा ६ सय ६२, कर्णाली प्रदेशमा २ सय ५१, सुदूर पश्चिम प्रदेशमा ५ सय ५ र काठमाण्डु उपत्यकामा ४ सय ७२ जनाले आत्महत्या गरेको प्रहरी प्रधान कार्यालयको तथ्यांकले देखाउँछ । तथ्यांक अनुसार गत आर्थिक वर्षमा मधेश प्रदेशमा ४ सय २२ जना महिला, ४ सय ६५ जना पुरुष, १ सय ७५ जना बालिका र ५९ जना बालकले आत्महत्या गरेका थिए ।

आत्महत्याके अर्थ स्वयमूलाई मार्नु हो । प्रत्येक आत्महत्या व्यक्तिगत समस्याको कारणले हुने भए पनि कुनै कुनै प्रसंगमा कुनै व्यक्ति विशेष वा संघ संस्थाले व्यक्तिलाई आत्महत्या गर्न वाध्य बनाएको अवस्थाहरु पनि नदेखिएका होइनन् । आत्महत्या व्यक्तिको कमजोरीका कारण हुने नभएर अनुवांशिक, मनोवैज्ञानिक, सामाजिक, पारिवारिक वातावरण तथा अन्य जोखिमका कारणहरुले हुने गर्दछ । ९० प्रतिशतभन्दा बढी आत्महत्या मानसिक स्वास्थ्य समस्याका कारणले हुने गरेको अनुसन्धानले देखाएको छ ।

दिनदिनै बढ्दै गएको आत्महत्या राष्ट्रिय समस्याको स्वरुपधारण गर्दै छ । तर यसलाई न्यूनीकरण गर्न तीनै तहका सरकारले कुनै सार्थक पहल गरेको देखिदैन् । सडक, सार्वजनिकदलान, पोखरी सौन्दर्यकरण ढिलो गर्दा पनि हुन्छ । तर यस्ता विषयहरुलाई समयमै सम्बोधन गर्नु पर्दछ भने मेरो व्यक्तिगत राय हो ।

# वडाध्यक्ष कार्की भ्रष्टाचार मुद्दामा दोषी ठहर



**टुडे समाचारदाता**

बारा । जीतपुर सिमरा उपमहानगरपालिका-३ का वडाध्यक्ष तारा बहादुर कार्कीलाई विशेष अदालतले दोषी ठहर गरेको छ ।

वैशाख २७ गते बिहीबार विशेष अदालतको दैनिक पेसी सूचीमा वडा अध्यक्ष कार्कीलाई भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेको छ ।

२०८० साल माघ १० गते सेवाग्राहीसँग घुस लिएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दर्ता गरेको थियो ।

दोषी ठहर गर्दा वडाअध्यक्ष कार्की निर्णय बदरको माग राख्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्रतिवादी बनाई पुनरावेदनको लागि फागुन ३ गते विशेष अदालतमा मुद्दा दर्ता गराएका थिए ।

विशेष अदालतका इजलास नम्बर १ का अध्यक्ष न्यायाधीश टेक नारायण कुँवर र सदस्य न्यायाधीश तेज नारायण सिंह राईको फैसलाले पहिलाको निर्णयलाई नै सदर गरेको थियो ।

पुस २ गते अख्तियारको टोलीले बाराको जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर ३ का वडाध्यक्ष तारा बहादुर कार्कीलाई पाँच लाख घुस रकम सहित पक्राउ गरेको थियो । नेकपा एमालेबाट वडाध्यक्षमा निर्वाचित कार्कीलाई जितपुर स्थित जयसवाल होटलबाट घुस रकम सहित पक्राउ गरेको थियो ।

वडाध्यक्ष कार्कीले प्लटींग जग्गाको बाटो सिफारिसका लागि सेवाग्राहीसँग घुस रकम लिइरहेको अवस्थामा अख्तियारको टोलीले ५ लाख रुपैयाँ नगद रकम सहित पक्राउ गरेको थियो । भ्रष्टाचार मुद्दामा सजाय पाएका वडाध्यक्ष कार्की एमालेका मधेश प्रदेश कमिटी सदस्य छन् ।

## अग्निपीडितलाई राहत

**टुडे समाचारदाता**

राजविराज । नेपाली कांग्रेस र नेपाल विद्यार्थी संघ सप्तरीलेचिम्टीकाअग्निपीडितलाई राहतस्वरुप ट्यूबेल, खाद्यान्न र बालबालिकालाई शैक्षिक सामग्री प्रदान गरेको छ ।

अग्निपीडित ६२ परिवारलाई राहतस्वरुप चामल, दाल, खानेतेल, च्युरा, नुन तथा बालबालिकालाई शैक्षिक सामग्री प्रदान गरेको नेवि संघ सप्तरीका सभापति राकेश ठाकुरले जानकारी दिए ।

नेपाली कांग्रेसका सप्तरी सभापति रामदेव साहले अग्निपीडितका लागि छ थान ट्यूबेल, पाइप र सोको जडानमा लाग्ने खर्चसहित वडाध्यक्ष जयकिशोर दासलाई हस्तान्तरण गरेका छन् । अग्निपीडितलाई स्वच्छ खानेपानी सहज रुपमा उपलब्ध गराउन ट्यूबेल वितरण गरिएको उनले बताए ।

अग्निपीडितलाई खाद्यान्नसहितका सामग्री विभिन्न सरकारी तथा गैरसरकारी निकायबाट उपलब्ध हुँदै आएको अवस्थामा खानेपानीको आवश्यकतालाई पूर्ति गर्न जडान खर्चसहित ट्यूबेल उपलब्ध गराएको वडाध्यक्ष दासले बताए ।

वैशाख १८ मा सप्तरीको महादेवागाउँपालिका-१चिम्टीमा आगलागी हुँदा ६२ परिवारका एक सय १४ घरमा क्षति भएको थियो ।

## पुरुषको शव फेला

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा एक पुरुषको शव फेला परेको छ ।

शुक्रबार जिल्लाको गणेशमानचारनाथ नगरपालिकामा-१ का ४० वर्षीय शिवचरण महराको शव फेला परेको स्थानीय प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय ढल्केवरका प्रहरी निरीक्षण राजकिशोर साहले जनाए अनुसार मृत्युका कारण खुल्न नसके पनि अत्यधिक रक्सी सेवनका कारण महराको मृत्यु भएको हुन सक्ने प्रारम्भिक अनुमान गरिएको छ ।

# केएफसी रेस्टुरेन्ट सञ्चालनमा

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जमा केएफसी रेस्टुरेन्ट सञ्चालनमा आएको छ । शुक्रबार बिहान मधेश प्रदेशकै पहिलो केएफसी (केन्टकी फ्राइड चिकेन) रेस्टुराँको औपचारिक उद्घाटन जनता समाजवादी पार्टीका उपमहासचिव प्रदीप यादवले एक कार्यक्रम बीच गरेका छन् ।




मल्टिनेशनल कम्पनी केएफसीसंग फ्रान्चाइजी गरेको संस्था देवयानी इन्टरनेशनल नेपाल प्रालिले आदर्शनगरको स्काई मलमा केएफसी रेष्टुराँसंगै चर्चित ब्रान्डहरु 'पिज्जा हट र क्रिम बेल' पनि सञ्चालनमा ल्याएको छ । उद्घाटन कार्यक्रममा बोल्दै पूर्वमन्त्री समेत रहेका यादवले आर्थिक महानगरी वीरगञ्जमा अन्तर्राष्ट्रिय स्तरको फुड चेनहरूको खुल्नु आफैमा सराहनीय कुरा भएको बताए ।

# 'पार्टी फुटले सरकारलाई असर गर्दैन'



**टुडे समाचारदाता**

काठमाण्डु । उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले जनता समाजवादी पार्टी नेपालको फुटले सरकारलाई कुनै असर नपर्ने बताएका छन् ।

रफत सञ्चार क्लबले शुक्रबार आयोजना गरेको अन्तर संवाद कार्यक्रममा उपप्रधानमन्त्री यादवले भने, "हामी स्थिर सरकारका पक्षमा छौँ, हामीले जहिले पनि स्थिरता खोजेका छौँ, त्यो दायित्वबाट पछि हट्दैनौँ, हामीले सरकारलाई दिएको समर्थन जारी छ, हाम्रो कारणले सरकार ढल्दैन, हामी सरकार ढाल्ने खेलमा लाग्दैनौँ ।"

जनता समाजवादी पार्टी नेपालका अध्यक्षसमेत रहेका उपप्रधानमन्त्री यादवले आफ्नो पार्टीले राजनीतिक स्थिरता, सुशासन, विकास, समृद्धि र सङ्घीय गणतन्त्रको स्थायित्व खोजेकाले सरकार ढाल्ने खेलमा नलाग्ने बताए ।

उनले पार्टी फुटाएको विषयमा सर्वोच्च अदालतमा न्यायका लागि जाने बताए । उनले भने, "म सरकारको प्रतिनिधित्व गरेर विदेश गएको बेलामा यहाँ षडयन्त्र गरेर पार्टी फुटाइयो, पार्टी फुटाएको विषयलाई लिएर हामी आइतबारसम्म सर्वोच्च अदालबाट कानुनीरुपमा चुनौती दिन्छौँ, सर्वोच्चले पक्कै न्याय दिनेछ र पार्टी फुटलाई बदर गर्नेछ ।"

**हामी स्थिर सरकारका पक्षमा छौँ, हामीले जहिले पनि स्थिरता खोजेका छौँ ।**

पार्टी फुटाएर षडयन्त्रपूर्वक अस्वाभाविक, सिद्धान्तबिहन रुपमा अनैतिक र असंवैधानिक कार्य गरेको उल्लेख गर्दै उपप्रधानमन्त्री यादवले अदालतले पार्टी फुटलाई बदर गर्ने विश्वास रहेको बताए ।

नयाँ पार्टीको नाम, झण्डा र लोगो एउटै भएको अवस्थामा अघिल्लो दिन साँझ आवेदन लिएर भोलिपल्ट पार्टी दर्ता गराएको उनको आरोप छ ।

# दुई महिनामा गजेन्द्र स्मृति भवन र संग्रहालय

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजविराजमा दुई महिनामा गजेन्द्र स्मृति सामुदायिक भवन तथा संग्रहालय निर्माण हुने भएको छ ।

६० लाख रुपैयाँको लागतमा निर्माण हुने सो संरचनाको शुक्रबार मधेश प्रदेशका सांसद एवं पूर्व शिक्षा मन्त्री महेशप्रसाद यादवले शिलान्यास गरेका छन् ।

सो कार्यक्रमका क्रममा आयोजित भूमि पुजनमा जनमत पार्टी मधेश प्रदेशका संसदीय दलका नेता यादवका साथै अर्का प्रदेश सांसद सतिशकुमार सिंह, राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परबिन, वडा अध्यक्ष अरुण यादव पनि सहभागी भएका थिए ।

राजविराज नगरपालिकाले गजेन्द्र नारायण सिंह स्मृति सामुदायिक भवन तथा संग्रहालय निर्माणका लागि वडा- २ मा प्रस्तावित राजविराज बस पार्क नजिकै ८ कठ्ा १ धुर जग्गा उपलब्ध गराएपछि शहरी विकास मन्त्रालयको ६० लाख २० हजार ६ सय ४७ को लागतमा सो भवन निर्माण हुन लागेको छ ।

दुई महिनाभित्र निर्माण कार्य सम्पन्न हुने गरी कृति बिल्डर्स राजविराजले ठेक्का पाएको छ । नवनिर्मित भवनमा १/१ वटा सभाहल, संग्रहालय र स्मृति भवन, दुई वटा कार्यालय कोठा, एक वटा सुरक्षा गार्ड बस्ने कोठा, भान्छाकोठा, शौचालय र बाथरुम लगायतको सुविधा रहने सघन शहरी तथा भवन निर्माण आयोजना सप्तरीका इन्जिनियर राजकुमार मिश्रले जनाएका छन् । निर्माण कम्पनी कृति बिल्डर्सका प्रमुख अरबिन्द यादवले सो निर्माण कार्य २०८१ बैशाख १६ गते शहरी विकास तथा भवन निर्माण विभागसँग सम्झौता गरेको बताए । भने सम्झौतामा २०८१ असार १४ गते भित्र निर्माण कार्य सम्पन्न गरिसक्ने उल्लेख भएको बताउँदै उनले तोकिएकै समयभित्र निर्माण कार्यले पूर्णता पाउने प्रतिबद्धता बताए ।



जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८